# सबै कुरा सत्ताको

## सामाजिक शक्ति र शक्ति संरचना बोध

श्रीलता बाटलीवाला

crea

crea

प्रस्तुत जानकारी पुस्तिका क्रिया (CREA) को सामाजिक रूपान्तरणका लागि महिला नेतृत्व श्रृङ्खला १ हो ।

हामी अधिकारकर्मीहरूले मानिसको जीवन परिवर्तन गर्न वा उनीहरूले भोग्नुपरेका अन्यायको विरोध गर्ने प्रयास गर्दा वस्तुतः **शक्ति समीकरण** बदल्न खोजिरहेका हुन्छौं।

# विषय सूची

## शक्ति


परिचय ४

के हो यो ? १२

कहाँ काम गर्दछ ? २२

कहाँबाट उत्पन्न हुन्छ ? ३२

यसको स्वरूप कस्तो हुन्छ ? ४२

यसलाई कसरी प्रस्तुत गरिन्छ ? ५२

यसले कसरी काम गर्दछ ? ६८

# बुझाइ शक्तिको



सामाजिक परिवर्तनका लागि कार्यरत सबै अभियन्ताले शक्ति संरचना एवं शक्ति सम्बन्धका आधारमा **शक्तिलाई बुझ्नु** अत्यावश्यक हुन्छ।

प्रस्तुत पुस्तक महिला अधिकार, लैङ्गिक समानता र समाजले लैङ्गिक तथा यौनिक पहिचान, जाति, वर्ग, जात, सम्प्रदाय, धर्म, राष्ट्रियता, भिन्न क्षमता, पेशा (जस्तैः यौनकर्मी), स्थान (जस्तैः ग्रामीण, शहर) वा अन्य कारणले सीमान्तकृत बनाएका वा विभेदमा पारेका वा बहिस्कृत गरिएका व्यक्तिको अधिकार एवं महिलाको हकका क्षेत्रमा कार्यरत अभियन्ताहरूका लागि थप महत्वपूर्ण छ ।

तर 'शक्ति' निकै नै अस्पष्ट, भाववाचक, बृहत् एवं जटिल अवधारणा हो । हामीले शक्तिलाई आ–आफ्नै तरिकाले, आफ्ना कामका सन्दर्भमा, सहकार्यमा रहेका व्यक्ति कस्ता छन्, यसका बारेमा हामीले के पढेका छौं, वा हाम्रो के अनुभव छ,–सोहीअनुसार बुझ्ने गरेका छौं ।

प्रस्तुत पुस्तकको उद्देश्य शक्तिसम्बन्धी सोही भ्रम निवारण गर्नु हो र एक समान बुझाइतर्फ उन्मुख गराउनु हो । शक्ति हाम्रो समाजमा निर्दिष्ट सन्दर्भ वा सामाजिक–आर्थिक, राजनीतिक तथा सांस्कृतिक परिवेशमा सीमित नहुने किसिमले विद्यमान छ । यसप्रतिको समान बुझाइले सामाजिक तथा लैङ्गिक न्यायका क्षेत्रमा समर्पित हामीलाई शक्तिबारे एक बृहत् बुझाइ बनाउन र समान व्याख्या एवं विश्लेषण कायम गराई रणनीतिहरू तयार पार्न सघाउने छ ।



पहिले एक अभियन्ता र पछि एक खोजकर्ता भएर मैले सधैं अस्पष्ट र निर्दिष्ट गर्न नसक्ने विषय र सामाजिक परिवेशमा काम गरिरहें । शक्ति, लोकतन्त्र, अधिकार, सशक्तिकरण, समानता, विभेदीकरण आदि मेरा विषय थिए । यी निकै ठूला विषय हुन् जसले व्यक्तिपिच्छे फरक अर्थ दिन्छ । यसलाई कुनै किताबी खण्डबाट झिक्न वा पसलमा गएर 'त्यो यही हा भनेर देखाउन सकिन्न । यो भनेको नै लोकतन्त्र (समानता वा अधिकार वा शक्ति वा सशक्तिकरण, वा विभेदीकरण) हो भनेर भन्न सकिंदैन ।' वास्तवमा, यहाँ उल्लिखित प्रायः अवधारणा त्यति बेला प्रष्ट रूपमा बुझिन्छ जुन बेला तिनीहरूको अभाव हुन्छ वा उल्लंघन भएको हुन्छ । असमानता कस्तो हुन्छ, शक्तिहीन हुँदा कस्तो महसुस हुन्छ र अधिकारको हनन भनेको के हो भन्ने कुराको ज्ञान हामीलाई छ । त्यसैले, यस्ता दुबिधा हटाउन म पाँच प्रमुख प्रश्न बनाएर यहाँ उपस्थित भएकी छु जसले बिचारमा लागेको बादल र भ्रम न्यूनीकरण गर्न मद्दत गर्नेछन् ।

## १ के हो यो ?

हामीले कसरी शक्तिलाई परिभाषित गर्छौं ? समाज र मानव सम्बन्धका सन्दर्भमा शक्ति वा सामाजिक शक्ति के हो ? यस प्रश्नले हामीलाई सिद्धान्त, विचार वा परिवेश जो हामी बुझ्न चाहन्छौं, बुझ्न मद्दत गर्दछ ।

## २ यो कहाँ हुन्छ ?

सामाजिक शक्ति कहाँ विद्यमान छ र कुन अवस्थामा यसले प्रत्यक्ष सरोकार राख्दछ ? यसले सामान्यतः कुनै भौगोलिक वा राजनीतिक क्षेत्र जस्तै राष्ट्र, शहर, गाउँ, वा अन्य भौतिक स्थान जनाउँदैन । यसले प्रभाव पार्ने सामाजिक अवस्थाहरू जनाएको हुनसक्छ (जस्तैः परिवार वा समुदाय), वा सम्बन्धित रहेका कुनै क्षेत्र वा जनता (श्रमिक, ग्रामीण महिला, वा स्वास्थ्य, शिक्षा, वा कृषि क्षेत्र) पनि हुनसक्छन् । यस प्रश्नले केही वस्तुगत, जनसंख्यात्मक वा सामाजिक परिधि प्रस्तुत गर्न मद्दत गर्छ जसका बारेमा हामीले ज्ञान हासिल गर्न खोजेका हुन्छौं ।

## ३ यसको स्वरूप कस्तो हुन्छ ?

शक्तिका विविध स्वरूप र प्रकार के हुन् ? यसले हामी बाँचेको परिवेश र स्थानको विविध अवस्थामा प्रस्तुत हुने पद्धतिका प्रमुख विशेषता र गुणहरू व्याख्या तथा विश्लेषण गर्न मद्दत गर्छ ।



## ४ यसका कारण र स्रोतहरू के के हुन् ?

शक्तिको उत्पत्ति कसरी हुन्छ ? हाम्रो समाजमा शक्ति संरचना सिर्जना गर्ने प्रमुख कारण वा तत्वहरू के के हुन् ? यी शक्तिलाई दिगोरूपमा यथावत र राख्न प्रयोग गरिने विधिहरू के हुन् ? यी प्रश्नको जबाफबाट हामीले बुझ्ने प्रयास गरेको परिवेशका प्रमुख कारण पत्ता लाग्नसक्छ ।

## ५ यसले कसरी काम गर्दछ ?

शक्तिले समाजमा कसरी काम गर्छ, कसरी व्यक्ति र समूहमा निहित शक्तिले उनीहरूलाई भिन्न स्वरूप प्रदान गर्दछ ? समाजमा हाम्रो अवस्था वा आर्थिक श्रेणीलाई शक्तिले कसरी निर्धारण गर्दछ ? शक्तिले हामीले एक–अर्कासँग गर्ने व्यवहार र सम्बन्धको बनावट कसरी निर्धारण गरेको हुन्छ ? शक्तिले मानसिकरूपमा हाम्रो सोचाइ कसरी तयार पार्दछ, आफू र अरुमा निहित शक्ति महसुस गर्ने तरिका कसरी निर्धारण हुन्छ ? यी प्रश्नहरूको जवाफबाट मात्र हामीले बुझ्न कोशिश गरेको विषयका विविध आयामहरूको उचित व्याख्या, विश्लेषण गर्नसकिन्छ ।

# शक्तिको बृहत् एवं स्पष्ट बोध किन आवश्यक छ ?

सामाजिक अभियन्ताका रूपमा हामी आफ्ना वरिपरि हुनेगरेका अन्याय, असमानता, सीमान्तीकरण, बहिस्करण, विभेदीकरण, लाञ्छना र हिंसासम्बन्धी घटनामा चासो राख्दछौं । तर के यी सबै अवस्था र सबै सामाजिक समस्याहरूका केन्द्रविन्दुमा शक्ति नै रहने तथ्यलाई पहिचान गरेका छौं ? के हामीले महसुस गरेका छौं– अन्याय र असमानताका सबै प्रकार शक्तिको **अभिव्यक्ति** हुन् वा शक्ति संरचनाका **लक्षण** हुन् ? सत्यता के हो भने मानव सम्बन्धको केन्द्रमा शक्ति रहने गर्दछ र यसले हाम्रो समाजलाई स्वरूप प्रदान गरिरहेको हुन्छ । तसर्थ अभियान्ताका रूपमा हामीले व्यक्तिका जीवन परिवर्तन गर्ने वा अन्यायका अवस्थासँग लड्ने प्रयास गर्दा **शक्ति समीकरण** परिवर्तन गर्न खोजिरहेका हुन्छौं ।

हामीले केही हदसम्म शक्तिको पहिचान गरेका छौं, यसबारे जानकारी पनि राख्छौं । अधिकांशतः हामीले शक्तिको प्रत्यक्ष स्वरूप मात्र पहिचान गरेका हुन्छौं, तर परोक्ष र जटिल स्वरूप भने पहिचान गर्नसक्दैनौं । जस्तैः महिलाहरूको आर्थिक स्रोतमा पहुँच नहुनाले परिवारमा उनीहरूको आवाज सुनिदैन, वा सामाजिक अवधारणाका कारण छोरालाई प्राथमिकता दिइन्छ र छोरीलाई विभेद गरिन्छ । त्यसैले महिलाका लागि आम्दानीको स्रोत वा लघुवित्त कार्यक्रम आयोजना गर्छौं, वा बालिकाको अधिकारका निम्ति सचेतना कार्यक्रम सञ्चालन गर्छौं । यी कार्यक्रमले केही सहयोग पुऱ्याएको जानकारी प्राप्त भएतापनि आधारभूत सामाजिक आचरण अझै पनि जस्ताको त्यस्तै छ । महिलाले आम्दानी त गरिरहेका छन् तर उनीहरूको आय पुरुषहरूकै नियन्त्रणमा छ ।



यसो किन भइरहेको छ भने, हाम्रो अभियानका रणनीतिले केबल **लक्षण**लाई सम्बोधन गऱ्यो तर समस्याका **मुख्य कारणलाई** प्रभाव पार्नसकेन । यदि प्रभावकारीरूपमा शक्ति सम्बन्ध परिवर्तन गर्नुछ भने शक्तिबारे स्पष्ट र बृहत् बुझाइ हुनु जरुरी हुन्छ । यसका लागि शक्तिका विभिन्न स्वरूप र प्रकार, शक्ति संरचना कसरी सिर्जना हुन्छ र बढ्छ, एवं यसले प्रभाव पार्ने विविध स्थानहरूमा चेतना फैलाउने विन्दुबाट सुरुवात गर्नुपर्छ । सम्पूर्ण आयामहरूमा शक्तिबारे बुझाइ हुनसकेमा मात्र महिलाका अधिकार एवं लैङ्गिक समानताका लागि कार्यरत अभियन्तालाई मद्दत मिल्नेछ । लैङ्गिक विभेदलाई व्यवस्थापन गर्न **शक्तिको अदृश्य एवं सैद्धान्तिक आयाम** पहिचान गर्नु जति आवश्यक छ त्यति नै आवश्यक स्रोत माथिको पहुँच हुनु पनि छ ।

**यी प्रश्नहरूको जवाफ खोजी गरिएमा निर्दिष्ट समुदाय वा क्षेत्रमा वा हामीले काम गर्ने विषयहरुमा प्रभाव पार्ने शक्तिलाई प्रभावित पार्ने एवं यसमा परिवर्तन ल्याउने उत्कृष्ट उपायको पहिचान गर्न मद्दत मिल्नेछ । जस्तै, कुनै विशेष अवस्था वा स्थानमा शक्तिका विभिन्न आयामलाई परिवर्तन गर्ने विधि पहिचान गर्नसकिन्छ वा व्यक्ति विशेषका अधिकारको सुरक्षा र विकास गर्ने तरिका पनि थाहा पाउन सकिन्छ ।**

# १

## के हो शक्ति ?

**सामाजिक शक्ति** भनेको विभिन्न व्यक्ति एवं समूहमा निहित क्षमता हो। यसले कसले के पाउँछ, कसले के गर्छ, कसले के निर्णय लिन्छ र कसले प्रस्ताव तयार गर्छ भन्ने कुराको निर्णय गर्दछ।

इतिहास अध्ययन गर्दा विश्वको विभिन्न कुनामा रहेका कैयौं दार्शनिक, राजनीतिक विश्लेषक एवं अभियन्ताहरूले समाजमा शक्तिले खेल्ने भूमिकालाई परिभाषित एवं विश्लेषण गर्ने प्रयास गरेको पाइन्छ । यी मध्ये केही परिभाषा निकै सरल छन्, केही निकै जटिल पनि देखिन्छन् । महिलावादी विद्वान र अभियन्ताहरूले सामाजिक शक्तिले बृहत् विश्वमा मात्र अस्तित्व देखाउँदैन, यो त हाम्रो घरभित्र र हाम्रो निकटतम नितान्त व्यक्तिगत सम्बन्धमा पनि हाबी छ भनेर पहिचान गरेका छन् । यस प्रकारको पहिचान वा सचेतना आफैमा छलाङ हो ।

यी परिभाषाहरूको अध्ययन गर्दा लामो समयसम्म शक्तिलाई केवल एकतर्फी बलको रूपमा र अन्य व्यक्तिलाई नियन्त्रण गर्ने साधनको रूपमा परिभाषा गरिएको स्पष्ट हुन्छ । यसले समाजका केही व्यक्ति वा समूहलाई इङ्गित गर्दछ जसमा अन्यको अवसर र कार्य नियन्त्रण गर्ने क्षमता रहेको हुन्छ । शक्तिले **स्रोत–साधन**माथि नियन्त्रण गर्छ भन्ने आधारभूत मान्यता छ । जसको स्वामित्वमा भूमि र धेरै पैसा छ ऊ शक्तिशाली हुन्थ्यो, गरिब वा भूमिहीनभन्दा उनीहरू शक्तिशाली हुन्थे । तर समयको विकासक्रमसँगै हामीले शक्ति यस परिधिभन्दा बाहिरसम्म फैलिएको र जटिल अवस्थामा रहेको छ भनेर बुझेका छौं । वास्तवमा समाजको विकास र परिवर्तनसँगै सामाजिक शक्ति पनि बदलिएको छ । हामीले आज शक्ति केवल **नियन्त्रण**बाट मात्र होइन **क्षमता**बाट पनि उत्पन्न हुन्छ भनेर बुझेका छौं । केही हदसम्म स्रोत–साधन माथिको नियन्त्रणका आधारमा शक्ति संरचना बनेतापनि, यो मात्र पूर्ण आधार भने होइन । किनभने स्रोत–साधनको पुनर्संरचना गरिए पनि सबैमा समान शक्ति सिर्जना भएको पाइन्न ।



**व्यक्ति वा समूहमा निहित निर्णय लिने वा प्रभाव पार्ने क्षमता शक्ति[1] हो । आजको परिवेशमा शक्तिको पहिचान गर्ने सहज विकल्प नै यही हो ।**




[1] अरुणा राव तथा डेभिड केलेहर, २००२ प्रति आभार

## कसले के पाउँछ

स्रोत–साधनको कुरा मात्र होइन, समाजमा कसरी अवसर, अधिकार, तथा सुविधाहरूको बाँडफाँड भएको छ भन्ने बारेमा पनि चर्चा गरिएको छ । कसले भूमिको स्वामित्व पाएको छ, को विद्यालय जान्छ, कसले चाँडो रोगको उपचार प्राप्त गर्छ, र कसलाई बढी आराम मिल्छ भन्ने आधारमा लैङ्गिकता तथा सामाजिक शक्ति संरचनाको पहिचान गर्न निकै सजिलो छ ।

## कसले के गर्छ

समाजमा बाँच्नका लागि श्रम वा कामको विभाजन आवश्यक छ । *उत्पादनमूलक* कार्य (खाद्यान्न उत्पादन, कारखानामा श्रम) को विभाजनले मात्र शक्ति उत्पन्न हुँदैन भन्ने तथ्य बुझ्नु आवश्यक हुन्छ, यसबाट वस्तु तथा सेवाको उत्पादन त हुन्छ जसले गर्दा आम्दानी हुन्छ तर शक्ति पनि प्राप्त हुन्छ भन्न सकिन्न । *प्रजनन* कार्य (घरेलु काम, बाल स्याहार, खाना बनाउने, पानी भर्ने र इन्धन जुटाउने) पनि उत्पादनकै काम हो, तर यसमा संलग्न महिला शक्तिबाट वञ्चित नै देखिन्छन् । यो पुस्तक पढ्ने जो कोहीले प्रायः सबै खाले समाजमा लिङ्गका आधारमा उत्पादनमूलक एवं प्रजनन कार्यको विभाजन गरिएको सहजै महसुस गर्नेछन् ।




## कसले के निर्णय लिन्छ

व्यक्तिको जीवनका विभिन्न आयाममा कसले *निर्णय* लिन्छ भन्ने कुरा महत्वपूर्ण छ, जस्तो ***निजी*** जीवनको निर्णय (कोसँग र कहिले विवाह गर्ने, को विद्यालय जान्छ), वा ***घर व्यवहार*** (कुन बालीनाली लगाउने, कहाँ बस्ने, कतिसम्म भाडा तिर्ने, कस्तो किसिमको आम्दानी हुने काम गर्ने) वा ***गाउँ र शहर*** (गाउँ–शहरको बजेट कति हुने, कुन खानेपानीको इनार कसले प्रयोग गर्नसक्ने, कुन सडकको मर्मत गर्ने, कुन स्थानमा चर्पी वा अस्पताल बनाउने) वा ***समुदाय वा जात वा वर्ग समूह*** (कस्ता मान्यता र चलन चलाउने) वा ***मुलुक*** (राष्ट्रिय कानुन, बजेट विनियोजन) का सन्दर्भमा सर्वोच्च निर्णायक क्षमता जसको छ, शक्ति यिनमै निहित हुन्छ ।

## कसले प्रस्ताव तयार पार्छ

आजको युगमा सामाजिक शक्तिको सम्भवतः सबैभन्दा महत्वपूर्ण विषय यही हो । के महत्वपूर्ण छ वा छैन, के छलफल गर्न सकिन्छ वा सकिंदैन, के आवश्यक हुन्छ वा हुँदैन भन्ने कुराको निर्णय प्रस्ताव तयार पार्ने व्यक्तिकै हातमा निहित हुन्छ । उदाहरणका निम्ति सञ्चार माध्यमको पहिलो वा चौथो वा पाँचौं पानामा केलाई प्राथमिकता दिने भन्ने निर्णय शक्तिको प्रयोग हो । यसकै आधारमा पाठकले एजेण्डाको प्राथमिकीकरण गरिरहेका हुन्छन् । निजी क्षेत्र जस्तैः परिवार, सार्वजनिक क्षेत्र जस्तै अन्तर्राष्ट्रिय नीति निर्माता, राष्ट्रिय सरकार एवं सञ्चार माध्यम प्रायः लुप्त वा अदृश्य रूपमा एजेण्डा बनाउने शक्ति हुन् ।

## कसको निर्णायक शक्तिले महत्व राख्दछ ?

कहिलेकाहीं विभिन्न निर्णायक संस्था र तहबीच निर्णय लिने शक्तिका कारण विवाद वा अन्तरद्वन्द हुनसक्छ। उदाहरणका लागि, राष्ट्रिय जनताका प्रतिनिधि ले सबै लिङ्गका बालबालिकाले विद्यालय जान पाउनुपर्छ भनेर नीति नियम बनाउन सक्छ । तर समुदाय, जात, सम्प्रदाय, वा धार्मिक परिषद्ले किशोरावस्थापछि केटीहरूले विद्यालय जान नहुने आफ्नो चलन एवं मान्यता अनुरूप यसको विरोध गर्नसक्छन् वा परिवारका अभिभावकले पनि यस्तो निर्णय लिनसक्छन् (प्रायः पुरुष वा प्रभावशाली ज्येष्ठ महिलाहरूबाट यस प्रकारको निर्णय लिनेगरेको देखिन्छ) । यस प्रकारको अवस्थामा जनप्रतिनिधिको कानुनभन्दा सामाजिक व्यवहार निर्णायक शक्तिका रूपमा प्रकट हुन्छ किनकि ती किशोरीले घर–समुदायमै आफ्नो दैनिकी गुजार्नुपर्ने हुन्छ । यस निर्णयले गर्दा प्रभावित किशोरहरूका निम्ति संसदको निर्णय लिने शक्ति ओझेलमा पर्छ र अर्थहीन हुन्छ।




## अदृश्य प्रस्ताव निर्माण गर्ने शक्ति

दैनिक रूपमा पत्रपत्रिका एवं टेलिभिजन च्यानलहरूले 'महत्वपूर्ण' खबर प्रकाशन–प्रसारण गर्ने गर्दछन् । हामी बितेका २४ घण्टामा प्रकाशन प्रसारण हुने समाचार वा मुख्य समाचार नै सबैभन्दा महत्वपूर्ण घटना हुन् र यिनीहरूले राष्ट्रिय महत्व बोकेका हुन्छन् भनेर विश्वास गर्छौं । यसरी नै पत्रिकाको भित्री पानामा छापिएका सामग्री कम महत्वको हुने पनि विश्वास गर्छौं । उदाहरणका निम्ति प्रधानमन्त्रीको चीन भ्रमण वा अमेरिका भ्रमण वा ठूलो खेलकुद घटना पहिलो पानामा छापिन्छ भने गरिब कृषकको आत्महत्या वा आदिवासी वा अल्पमत समूहमाथि भएको आक्रमणको सामग्री भित्री पानामा हुन्छ। वास्तवमा भन्ने हो भने यो सञ्चार माध्यममा निहित विषय प्राथमिकीकरण (एजेण्डा सेटिङ) गर्ने शक्ति हो। किन कृषकको आत्महत्या वा कुनै समुदायमाथि भएको हिंसाले पहिलो पानामा स्थान पाएन ? राजनीतिकर्मीको विदेश भ्रमण वा खेलकुदका घटना भन्दा किन यिनीहरू कम महत्वका भए ? कसैले हामीलाई थाहै नदिई हाम्रो चेतनालाई खास स्वरूप दिने काम गरिरहेका हुन्छन्, यसैले गर्दा हामी स्वतः खास विषयलाई प्राथमिकता दिइरहेका हुन्छौं ।

## अन्तर्राष्ट्रिय एजेण्डा बनाउने शक्ति

विश्वमा १०–१५ वर्ष अघि सम्म गरिबीलाई विकासको मुख्य चुनौतीका रूपमा लिइन्थ्यो र यसको निवारण कसरी हुनसक्छ भनेर उपाय खोजिन्थ्यो । त्यसपछि एउटा परिवर्तनको माहोल प्रारम्भ भयो । त्यसपछि जलवायु परिवर्तन नै विश्वमा सबैभन्दा महत्वपूर्ण विषय हो भन्न थालियो । गरिबहरू जलवायु परिवर्तनको मारमा परिरहेका छन्, तर यसलाई बढावा दिने काम उनीहरूबाट भएको होइन, जलवायु परिवर्तन हुनुमा उनीहरूको ठूलो हात छैन । विश्वका नेता, प्रमुख बहुक्षेत्रीय संगठन एवं विकास बैंकले जलवायु परिवर्तनलाई केन्द्रबिन्दु बनाउने र सञ्चार माध्यमले पनि यसैलाई प्राथमिकता दिने भएकाले यो सबैको एजेण्डा बनेको छ । गरिबीको विषय भने प्राथमिकतामा छैन । जबकि आज विश्वमा करिब १.४ अरब मानिस गरिबीमा छन् (एक दिनको आम्दानी १.२५ अमेरिकी डलरभन्दा कम हुने), र यिनमा प्रायः महिला र बालबालिका रहेका छन्, प्रमुख कुरा के हो भने, जलवायु परिवर्तनको विषय महत्वपूर्ण नरहेको होइन । तर गरिबीको विषय सोभन्दा बढी नभएतापनि कमसेकम उत्तिकै महत्वपूर्ण त छ । जोसँग एजेण्डा बनाउने शक्ति निहित छ उसले परोक्ष रूपमा विश्वको सोच तयार गरिरहेको हुन्छ, हामीले के विषयलाई महत्व दिन्छौं भन्ने कुरालाई प्रभावित पार्न, दृष्टिकोण बनाउ वा हामीले दिने प्राथमिकता तयार पार्न त्यस शक्तिले भूमिका खेलिरहेको हुन्छ ।

## परिवारभित्र एजेण्डा बनाउने

परिवारभित्र पनि एजेण्डा बनाउने शक्तिले मानिसको जीवनमा प्रभाव पारिरहेको हुन्छ । माला १६ वर्ष उमेरकी अब्बल विद्यार्थी हुन् । उनलाई विद्यालयको पढाइ सकेर चिकित्सा कलेजमा पढ्ने ठूलो धोको छ । तर उनका अभिभावकको सोच केटीको ध्यान भनेको विवाह र बालबच्चामा हुनुपर्छ भन्ने रहेको छ, उनको समुदायमा अभिभावकले केटा खोजेर बाल–विवाह गरिदिने चलन चलिआएको छ । उनका अभिभावकलाई उनको विद्यालयको पढाइ सकिंदा–नसकिंदै उचित वर नखोजिएमा उनको विवाह नै नहुन पनि सक्छ भन्ने चिन्ता छ । मालाले आमासँग चिकित्सा कलेज जाने प्रस्ताव नराखेकी होइनन्, तर उनले आमाको गाली खानुपर्छ । जब–जब उनी पढाइको कुरा गर्छिन् तब–तब हप्की खानुपर्छ । उनीसँग हुने कुराकानी नै केबल विवाहको बारेमा हुन्छ, पढाइका बारेमा होइन । परिवारको एजेण्डाका अगाडि मालाको ईच्छाको घाँटी निमोठिएको छ, उनले आफ्नो चाहना राख्न सकेकी नै छैनन् । उनीसँग एजेण्डा बनाउने शक्ति नै छैन ।

# २

## शक्तिले कहाँ काम गर्दछ ?

सामाजिक शक्तिले मानिसले भोग्ने जिन्दगीका हरेक विन्दुमा काम गर्दछ।

# शक्तिले कसरी काम गर्दछ






**सामाजिक परिवर्तनका अभियन्ताका रूपमा हामी तीन भिन्न सम्बन्ध संरचनामा विशेष प्राथमिकता दिन्छौं ।**

## व्यक्तिका बीच

व्यक्ति, साथी, रोजगारका सहकर्मी र वैवाहिक नाता जस्तो घनिष्ठ सम्बन्ध भित्र र परिवार जस्तो व्यक्तिगत क्षेत्रमा पनि शक्तिले काम गर्दछ । हामी पारस्परिक सम्बन्धलाई ध्यान दिने गर्दछौं किनकि यस्ता सम्बन्धमा सबैभन्दा बढी महिला वा महिलाका रूपमा आफूलाई परिचित गराउने सबैविरुद्ध हिंसा वा विभेद हुनेगर्दछ ।

## सामाजिक समूहका बीच

शक्तिले एकै किसिमको पहिचान बोकेका व्यक्तिहरूको समूहका बीच पनि काम गर्दछ । हामीले सामाजिक शक्तिले काम गरेको देखेका छौं, जस्तैः भिन्न लैङ्गिक पहिचान भएका समूहका मानिस (पुरुष, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक) बीच वर्ण, जात, वर्ग, धार्मिक आस्था, सवलाङ्गता वा अपाङ्गता, यौन विचार, स्थान (गाउँ, शहर निवासी) र पेशा । समाजमा सामाजिक समूहका बीच कायम रहेको शक्तिले गर्दा सामाजिक वर्चस्वको प्रणाली, आक्षेप, बहिस्करण, विभेद, द्वन्द र हिंसाको पद्धति सिर्जना गर्दछ । यसले गर्दा कुनै समूह शोषित हुन्छ भने कोही अपहेलित, सामाजिक शक्ति संरचनाले कसैलाई शक्ति, सुविधा र अधिकार प्रदान गर्दछ त कसैलाई बन्देज गर्दछ ।

## राजनीतिक तथा आर्थिक संरचनाबीच

एउटै मुलुकको भिन्न–भिन्न क्षेत्रबीच, मुलुक–मुलुकबीच वा मुलुकका समूह–समूहबीच– 'विकसित' तथा 'विकासोन्मुख' मुलुकबीच, 'उत्तर' र 'दक्षिण' बीच, नयाँ सम्बन्धको आयामको आगमनसँगै जस्तैः *ब्रिक्स* (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका) राष्ट्रहरूबीच आर्थिक तथा राजनीतिक शक्तिले काम गर्दछ । शक्तिशाली समूह जो प्रायः कुनै एक राष्ट्रिय सरकारको नियन्त्रण बाहिर रहने गर्दछ, जसले राष्ट्रिय नीतिहरूलाई आफ्नो फाइदाका निमित्त प्रभाव पार्नुका साथै नागरिकको सुरक्षाका लागि बनाइएका कानुनहरू पनि उल्लंघन गर्नसक्छ ।

राजनीतिक तथा आर्थिक संरचनाहरूमा आजको समयमा आतंकवाद सञ्जाल र कट्टरपन्थी समूहका साथै लागूऔषध, मानव तथा हातहतियार तस्करी गर्ने समूहलाई पनि समावेश गर्नुपर्छ । यी सबैले आर्जित शक्तिको प्रयोग गर्दै सरकार, चुनिएका जनप्रतिनिधि एवं सामान्य नागरिकका जीवनमाथि ठूलो असर पारिरहेका छन् ।

## आफैभित्र

शक्ति हामीभित्र अन्तरनिहित छ भन्ने जानकारी हामीलाई छ । इतिहासमा ठूलठूला शक्तिशाली तत्वको अन्याय र दमनका विरोधमा व्यक्ति एवं समूहले आवाज उठाएको देखिन्छ । हाम्रो परिवारभित्र र वरपर ठूलो बहादुरी र बल प्रयोग गरेका एवं सामाजिक बन्देज र प्रचलनको विरोध गर्दै आफ्नै बाटोमा हिंडेका महिला पनि हामीले देखेका छौं, जस्तैः विवाह नगर्ने, शिक्षाको अधिकारका निम्ति लड्ने, अन्यायपूर्ण व्यवहार (जस्तैः विधवा जलाउने, दाइजो माग्ने, जातका आधारमा आक्षेप लगाउने, यौन–हिंसामा मौन बस्ने) र रूप, वर्ण, वर्ग, यौनिकता वा लैङ्गिक पहिचान, अपांगता आदिका कारणले उनीहरूविरुद्ध हुने विभेद । यी महिलालाई यसो गर्न कसैले पनि शक्ति प्रदान गरेका होइनन्, उनीहरूले आफैभित्र रहेको शक्तिलाई प्रयोग गरेका हुन् । हामी सबैभित्र शक्ति छ, फरक यतिमात्र हो कि हामीले यसको पहिचान वा प्रयोग गरेका हुँदैनौं ।

# शक्तिका बहुपक्ष
## होडाको कथा

शुक्रबारको बिहानी थियो । होडा बिहान ५ बजे उठेर आफ्नो हात र पोलियो लागेको गोडा पखालेर बसिन् र भगवानको प्रार्थना गरिन् । त्यसपछि भान्छामा गएर आगो फुकिन्, परिवारका लागि बिहानको खाना बनाउन लागिन् । केहीबेरमा भान्छामा उनकी सासु आइन् र होडाले पकाउने काम आधा सकेको देखेर बिहानको पूजा–पाठ नगरेको आरोप लगाइन् । उनले होडालाई चड्कन हानिन्, लात बजारिन्, 'तँ सीधै नर्कमा जान्छेस्' भनेर हप्काइन् । होडा केही नबोलीकन आफ्नो काम गरिरहिन् ।

खाना पकाउने काम सकेर उनी आफ्नो स्कार्फ, सल, ज्याकेटमा बुट्टा भर्ने काम गर्न लागिन् । उनी एक स्थानीय व्यापारीका निम्ति यी सामग्री बनाउँथिन् र चिया पसल चलाउने श्रीमान्लाई सघाउँथिन् । तर काम कठिन हुँदै गइरहेको थियो । स्थानीय व्यापारी बजार नभएको र खरिदकर्ता नपाइएको बताउँथे । होडाले घरको कामका अतिरिक्त पाँच वर्षअघि कमाए जत्तिकै आम्दानी गर्न दैनिक धेरै घण्टा काम गर्नुपर्थ्यो । साँझ बालबालिका विद्यालयबाट फर्केपछि खाजा खुवाएर हाडा पुनः अरु काममा लागि हाल्थिन् । समुदायको प्रचलन अनुसार उनी आफ्नो अनुहार र शरीर ढाकेर बसेकी हुन्थिन् ।

स्थानीय व्यापारीको पसलमा पुग्दा उनले सधैंजसो भनाइ खानुपर्थ्यो । उनलाई व्यापारीले भन्थ्यो, 'हेर–हेर, कालो बोरा लगाएकी महिला आई । यो न बोल्छे न सुन्छे, यो बहिरी र मुर्ख छे । यसले भरेका फूल–बुट्टा कसैले रुचाउँदैन । खोइ आज के गरिस् देखा त ।' होडा चुपचाप एक दर्जनभन्दा बढी फूल–बुट्टे स्कार्फहरू झिकेर अगाडि राखिदिन्थिन् । उनले दैनिक १० घण्टा घोप्टेर, घाँटी र गर्धन दुखाएर, औंला नचल्ने बनाएर यी सामग्री तयार गरेकी हुन्थिन् ।

व्यापारीले ती कामलाई सरसर्ती मात्र हेर्थे र पछिल्लो हप्ताको सोही बराबरको कामको रकम भन्दा पनि कम पैसा थमाउँथे । होडा आग्रह गर्न खोज्थिन्, 'तर सर.....', व्यापारी झोक्किन्थ्यो, 'के ? के ? पैसा चित्त बुझेन ? त्यसो हो भने आफ्ना सामग्री टिपेर लिएर जा ।' होडा पराजित महसुस गर्थिन् । उनी गरिब, त्यसमाथि महिला, अनपढ, शारीरिकरूपमा अशक्त र सीमान्तकृत सानो समुदायकी सदस्य थिइन् । उनी केबल एक पक्षबाट मात्र पछाडि पारिएकी थिइनन्, उनलाई धेरै तत्व मिलेर एकसाथ दबाइरहेका थिए, बलियो शक्ति–संरचनाले एकसाथ उनलाई निरीह बनाएको थियो ।



# आफूमा अन्तरनिहित शक्ति
## शमिमको कथा

शमिम अख्तरको कथाबाट हामीले हाम्रो आन्तरिक शक्तिको प्रयोग गरेर ठूला उपलब्धि प्राप्त गर्नसक्छौं । शमिम पाकिस्तानको इश्लामावादस्थित एक गरिब परिवारकी साधारण महिला हुन् । शमिम सामाजिक अभियन्ता होइनन्, न त उनलाई कुनै संस्था वा अभियान्ताले 'सशक्तीकरण' गरेको छ । तर विभिन्न बाधा–अड्चनका बावजुद पनि उनी आफ्नो स्वर्गीय श्रीमान्जस्तै ट्रक ड्राइभर भएरै छाडिन् ।

जब उनले आफ्नो परिवारको स्याहार गर्न ड्राइभर बन्ने निर्णय लिइन्, तब उनलाई सामाजिक लाञ्छना, अन्य मानिसले गर्ने टिप्पणी, पुरुषबाट हुने अपहेलना, सुरक्षाको खतराबारे केही चिन्ता थिएन । उनले स्थानीय तहको ड्राइभिङ स्कुललाई बारम्बार गाडी चलाउन सिकाइदिने आग्रह गरेर अन्तिममा सहमति गराइ छाडिन् ।

आज उनी एक ट्रक ड्राइभर छिन्, उनलाई अन्य ड्राइभरबाट आदर र सम्मान प्राप्त भएको छ, उनलाई आमा वा दिदीबहिनी जस्तो सम्मानपूर्ण व्यवहार हुन्छ । शमिमको बहादुरी र आत्मविश्वासपूर्ण व्यवहारको कारण भनेको उनको आन्तरिक शक्ति हो । यस अतिरिक्त अन्य केही छ ? हामी सबैले शमिम जस्तो फरक बहादुरीको काम त गर्न नसकिएला तर उनले जस्तै आफ्नो आन्तरिक शक्तिको पहिचान भने अवश्य गर्नसक्छौं ।

**शमिमको आत्मकथा यहाँ सुन्न सक्नुहुन्छ**
https://youthkiawaaz.com/2016/10/pakistan-first-woman-truck-driver/


# ३

# शक्ति कहाँबाट उत्पन्न हुन्छ ?



सामाजिक शक्ति उत्पन्न गराउने स्रोतहरू केबल आर्थिक स्रोत मात्र होइनन् ।

**प्रारम्भिक रूपमा सामाजिक शक्ति स्रोतमाथिको पहुँच र नियन्त्रणबाट आउँछ । विभिन्न कारणले गर्दा केही व्यक्ति वा समूहले स्रोतमाथि बोलवाला जमाउँछन् र बढी शक्तिशाली बन्छन् । तर, यी भनेका केबल आर्थिक स्रोत-साधन मात्र होइनन् । वास्तवमा यी स्रोतहरू कम्तीमा चार प्रकारका हुन्छन् जसले आजको युगमा सामाजिक शक्ति उत्पन्न गराउँछन् ।**




## भौतिक वा आर्थिक स्रोत

हामीमध्ये धेरैलाई भौतिक अथवा आर्थिक स्रोतका बारेमा ज्ञान छ – भूमि, घर, गरगहना जस्ता अचल सम्पत्ति वा नगद यसका उदाहरण हुन् । आर्थिक स्रोतका कारण सामाजिक शक्ति उत्पन्न हुन्छ भन्ने विश्वास सबैमा हाबी रहेको पाइन्छ । तर यो उत्तिकै गलत पनि छ । हो, आर्थिक स्रोत शक्तिको ठूलो कारण हो । तर, शक्तिको स्रोतका महत्वपूर्ण तर अदृश्य तत्वहरू थुप्रै रहेका छन् ।



## मानव स्रोत

मानिसको शरीर र श्रम माथिको नियन्त्रण सामाजिक शक्तिको एक प्रमुख स्रोत हो । हामी महिला यसका बारेमा आफ्नै उदाहरणका साथ बुझ्न सक्छौं । हाम्रो शरीर माथिको नियन्त्रण, यौन तथा प्रजनन क्षमता प्रायः अन्य व्यक्तिको हातमा हुनेगर्दछ । महिलाले यौनका सन्दर्भमा निर्णय लिन सक्दैनन् (आफ्नो श्रीमान्लाई नाइँ भन्न पनि सक्दैनन्), बच्चा जन्माउनेबारे वा कति वटा बच्चा जन्माउने भनेर निर्णय लिन सक्दैनन् । अरुले हाम्रो शरीर कहाँ जाने, कस्तो देखिने, कहाँ रहने भनेर नियन्त्रण गर्छन् । हामीलाई कतिपय स्थानमा खुला रूपमा स्वतन्त्र हिंडडुल गर्ने वा एक्लै बस्ने अधिकार हुँदैन, प्रायः हामीले कस्तो लुगा लगाउने – छनौट गर्न सक्दैनौं, र प्रायः पुरुषको बाहुल्यता भएका स्थानहरूमा हामीलाई नबस्न भनिन्छ । सडक वा सार्वजनिक यातायातमा निरुत्साहित बनाइन्छ, अँध्यारो भएपछि बाहिर ननिस्कने, 'पारदर्शी' कपडा नलगाउने वा अनुहार र शरीर ढाक्नेजस्ता बाधा महिलाका लागि सामान्य हुन् । तर, वास्तवमा यी सबै हाम्रो शरीरमाथि एवं शरीरले प्राप्त गर्नुपर्ने स्वतन्त्रता माथिको नियन्त्रणका प्रकार हुन् ।


यसैगरी, हामीले गर्ने काम, श्रममाथि नियन्त्रण गर्ने क्षमता पनि मानव स्रोत माथिको नियन्त्रणको एक अभिव्यक्ति र शक्तिको स्रोत हो । धेरै शक्तिशाली व्यक्ति र समूहले अरुको श्रममाथि नियन्त्रण गर्छन् र यो शक्ति लैङ्गिकतामा (महिलाको शरीर र श्रममाथि पुरुषको नियन्त्रण), वर्ग, जात, वर्ण, सम्प्रदाय, राष्ट्रियता आदिमा आधारित हुन्छ । भारतको जातीय प्रणाली कसले के काम गर्छ भन्नेमा आधारित रहेको थियो । केही काम (जस्तै बौद्धिक वा व्यापारिक) लाई सरसफाई गर्ने वा मानव शरीरका फोहोर व्यवस्थापन गर्ने (नाई, धोबी, कुचीकार, छालाको काम गर्ने) भन्दा बढी मूल्य दिइन्थ्यो । यी 'न्यून स्तर' मानिने तर समाजका लागि अत्यावश्यक काम गर्नेहरूलाई 'अछुत' भनिन्थ्यो ।

# सामाजिक शक्ति सिर्जना गर्न ज्ञान-शक्तिमाथि नियन्त्रण

## जातीय प्रणाली

भारतमा कायम रहेको जातीय प्रणालीको उदय र यसको सुदृढीकरण ज्ञानको प्रयोग गरेर कसरी सामाजिक शक्ति वृद्धि गरिन्छ भन्ने सटीक उदाहरण हो । जातीय प्रणाली केबल पेशामा मात्र आधारित छैन, कुन जातको व्यक्तिले कुन किसिमको ज्ञान वा जानकारी प्राप्त गर्नसक्छ भन्ने निर्धारण पनि गरिएको पाइन्छ । तथाकथित तल्लो जातिलाई अध्ययनको अधिकार पनि थिएन (जस्तै विद्यालय वा गुम्बामा प्रवेश गर्न पनि निषेध थियो) वा किताबमा आफ्नो छायाँ पनि पार्न दिइँदैनथ्यो । शूद्र र दलितहरू, समाजको प्रमुख जनसंख्या भएतापनि, माथिल्लो भनिने जातिले उनीहरूलाई सबै प्रकारको औपचारिक शिक्षाबाट वञ्चित तुल्याएका थिए ।

महिलाका सन्दर्भमा जातिगत विभेद थप चाखलाग्दो छ । ब्राहृमण र क्षेत्री जातका महिलालाई साक्षरता र धार्मिक ग्रन्थको पढाइमा सीमित मात्रामा शिक्षाको अवसर भएतापनि यसलाई हदैसम्म नियन्त्रित गरिएको थियो । उनीहरूलाई कुनै पवित्र किताब छुन दिइँदैन थियो र महिनाबारी भएको अवस्था र बच्चालाई जन्म दिएपछि 'फोहोरी' भनेर शिक्षालय वा पूजा स्थलमा पस्न दिइँदैनथ्यो । यसमाथि 'तल्लो स्तर' भनिएका वर्ग, विशेष गरेर शूद्र र दलितका महिलालाई साक्षरता वा औपचारिक शिक्षाको अवसर प्राप्त हुने अवस्था नै थिएन ।




भारतको इतिहासमा हजारौं वर्ष पहिलेदेखि जातीय दमनका विरुद्ध कैयौं पटक आन्दोलन भए । कतिपटक आन्दोलनका क्रममा दमनमा परेका दलित जातका मानिसले विद्यालय र मन्दिरभित्र पसेर धार्मिक ग्रन्थहरू छोएका थिए । आज कानुनी रूपमा जातीय विभेदको अन्त्य भएको र सर्वव्यापी शिक्षाको सुनिश्चितता गरिएको भएतापनि 'तल्लो स्तर' मानिएका जातका व्यक्ति र दलितविरुद्ध कैयौं अत्याचार भएका छन् । प्रणालीगत विभेद भइनै रहेका छन्– जस्तैः दलित बालबालिकालाई कक्षा सञ्चालन अवधिभर कक्षा कोठा बाहिर उभ्याउनु ।

# ज्ञानको स्रोत

एउटा पुरानो भनाइ छ, 'ज्ञान नै शक्ति हो' । आजको युगमा ज्ञान र सूचना शक्तिको अझ महत्वपूर्ण स्रोत मानिएको छ र आर्थिक स्रोतहरूसँग यसले घनिष्ठ सम्बन्ध राख्दछ । शिक्षा वा पेशागत वा प्राविधिक सीप भएका व्यक्तिहरू आर्थिक रूपमा सम्पन्न परिवारबाट नआएतापनि प्रभावशाली एवं शक्तिशाली बन्न सक्दछन् । प्रारम्भिक तहमा पनि एक साक्षर एवं लेखपढ जानेको गरिब व्यक्तिसँग अनपढको भन्दा बढी सामाजिक शक्ति रहेको हुन्छ । उनीहरूले जानकारीमा पहुँच बनाउन सक्छन्, जस्तैः गाउँ परिषद्को बजेटका बारे, सरकारले थालनी गरेको नयाँ परियोजनाबारे वा बैंकले प्रदान गर्नलागेको ऋणको नयाँ कार्यक्रमबारे उनीहरूलाई थाहा हुन्छ । ज्ञान माथिको पहुँचलाई सम्पत्ति वा उत्पादनशील स्रोतको पहुँचमा परिणत गर्न सकिन्छ र उच्च सामाजिक ओहोदा र समुदायमा प्रभाव बढाउने स्रोतको रूप पनि दिनसकिन्छ । यसैगरी पर्याप्त आर्थिक स्रोत भएकाहरूले ज्ञान तथा जानकारीमा अतिरिक्त पहुँच बनाउन सक्दछन् ।




# अमूर्त स्रोत

दक्षिण एसियाली महिला अधिकारकर्मी तथा अर्थशास्त्री नाइला कबिरले अमूर्त स्रोतसम्बन्धी सुन्दर अवधारणा प्रदान गरेकी छन् । सामाजिक शक्ति प्रायः देख्न वा छुन नसकिने तर मौजुद रहने जस्तो अदृश्य स्रोतबाट पनि उत्पन्न हुने गर्दछ । हामीले चिनेका व्यक्ति, सामाजिक सहायता सञ्जाल, सामाजिक कार्यक्रम वा संगठनमा आवद्ध र अन्य सम्बन्धका स्रोतहरूले वास्तवमा प्रभाव पारिरहेका हुन्छन् । तर, पैसा, भूमि वा श्रमजस्तै देखिने मूर्त स्रोतहरू भने यी होइनन् । सामाजिक रूपमा शक्तिशाली व्यक्तिहरूले यी अमूर्त स्रोतको प्रयोग गरेर अरुमाथि दबदबा कायम गर्दछन्, तर यिनको प्रयोग गरेर दमनमा पारिएका सीमान्तकृत समूहले पनि आफ्नो स्थान वा अवसरहरूमा पहुँच बनाइरहेका हुन्छन् । जस्तैः अफ्ठेरो समयमा एक–अर्काको सहायताका निम्ति अमूर्त स्रोतहरू प्रयोग गरिन्छ– जागिर पाउन, विद्यालय वा कलेजमा भर्ना गर्न, सामान्य रूपमा भेट नदिने उच्च अधिकारी वा नेतासँग भेट गर्न यसको प्रयोग हुन्छ ।

# अन्तरनिहित शक्ति

अघिल्लो खण्डमा बताइएको विषय, **स्वयं भित्रको आत्मबल पनि शक्तिको स्रोत हो** भन्ने भनाइ यहाँ दोहोऱ्याउनु जरुरी हुन्छ । मानिसहरू आफ्नो सामाजिक शक्ति संरचनाको अवस्था, वर्ग, जात, वर्ण, सम्प्रदाय, धर्म, लैङ्गिकता, पेशा वा अन्य तत्वका कारण शक्तिहीन वा कमजोर महसुस गर्ने गर्दछन् । स्वयंभित्रको आत्मबल पनि अमूर्त स्रोत हो, यसलाई व्याख्या गर्न कठिन हुन्छ तर कसैले यसलाई कब्जा गर्न वा खोसेर लान भने सक्दैन । 'सशक्तिकरण' एक प्रक्रिया हो जसले मानिसभित्र रहेको आन्तरिक शक्तिसँग आत्मसात् गराउँछ । जब हामी आन्तरिक शक्तिलाई अरुभित्र रहेको शक्तिसँग जोडेर परिवर्तनको प्रक्रिया सुरु गर्छौं तब कठोरजस्तो देखिने शक्ति संरचनालाई तोडेर रूपान्तरण गर्न सम्भव हुन्छ ।



## शीलाको कथा

**शीला तीक्ष्ण बुद्धिकी विद्रोही बालिका थिइन् । जब कसैले केटीले यसो गर्नुपर्छ उसो गर्नुहुँदैन भन्थे, उनी सधैं प्रश्न गर्थिन्, किन ?** उनकी हजुरआमा बाहेक परिवारका सबैजसो सदस्य उनको प्रश्नबाट आजित थिए । हजुरआमा भन्ने गर्थिन्, 'केटीलाई प्रश्न गर्न दिनुपर्छ, कतै तर्कपूर्ण जबाफ आइहाल्छ कि । हामीजस्ता महिलाले अरुलाई दमन गर्ने अवसर दियौं भन्दैमा यसले पनि किन यही अवस्था स्वीकार गर्नु ?' उनी शीलालाई भन्ने गर्थिन्, 'सोध नानी, जबाफ चित्त बुझ्दो नआउँदासम्म धक नमानी सोधी राख, आफूलाई जे सही लाग्छ त्यही गर ।' हजुरआमा शीलालाई पढ्नुपर्छ, डाक्टर वा वकिल बन्नुपर्छ, जागिर खाएर आफ्नै आम्दानी गर्नुपर्छ भनेर पनि सम्झाउँथिन् । उनी भन्थिन्, 'आफ्नै बैंक खाता खोल है । लोग्नेलाई पनि आफ्नो पैसा नदिनू । भगवान्ले तिमीलाई केटी बनाएर घरको काम वा सामान्य काम गर्नका लागि यति बुद्धि दिएका होइनन् । मजस्तो हुने होइन, आफ्नो लागि केही गर है ।'

हजुरआमाले भनेजस्तै औपचारिक र आधिकारिक पदमा नभए पनि वा अरुले उनलाई शक्तिशाली नठाने पनि शीला आत्मविश्वासले भरिपूर्ण भएर ठूली भइन् । विद्यालयमा अन्य विद्यार्थीले कक्षाको प्रतिनिधित्व गर्दा पनि उनको सल्लाह लिने गर्दथे । उनका दाजु तथा दिदीहरूले पनि के गर्ने भनेर उनीसँग सुझाव लिन्थे । परिणामस्वरूप जब उनी ठूली भइन् र विविध विकासका संघ–संस्थामा काम गर्न लागिन्, उनी संस्थाको शीर्ष पदमा नभएतापनि उनको आवाज सधैं सुनिन्थ्यो, उनका विचारहरू सधैं सोचनीय हुन्थे किनकि उनको आन्तरिक शक्तिको तेज सबैले महसुस गर्दथे ।

# ४

# शक्तिको स्वरूप कस्तो हुन्छ ?

हामी सबैले शक्ति देखेका छौं र प्रायः हामी वा अन्यमा यसले प्रभाव पारेको महसुस पनि गरेका छौं । तर, सधैं शक्ति र यसका विविध अवस्थाहरूको सहज पहिचान हुन सक्तैन । प्रायः हामी शक्तिको एक स्वरूप वा मुखचित्र मात्र अनुभव गर्दछौं । वास्तवमा शक्तिका तीन स्वरूप हुन्छन्ः मूर्त, अमूर्त र लुप्त । यदि हामीले सामाजिक न्यायको विकास गर्ने हो भने यी तीन वटै स्वरूपलाई पहिचान गर्न आवश्यक हुन्छ ।



## शक्तिका तीन स्वरूप[2]

**मूर्त वा प्रत्यक्ष शक्ति** हामीले निजी जीवन वा सार्वजनिक स्थानहरूमा सधैं महसुस गर्ने वा देख्ने स्वरूप हो । यो हामीसँग निकै परिचित छ र यसलाई हामीले अनुभव पनि गरेका छौं ।

### सार्वजनिक स्थानमा

समाज नियमन र मुलुकका सरकार हाँक्नका लागि मानिसको छनौट, स्रोतमा पहुँच, निर्णयमा पहुँच र नियम तर्जुमामाथि नियन्त्रण गर्ने क्षमता मूर्त शक्ति हो । यो शक्ति हामीले राजनीतिज्ञ, प्रहरी, सैनिक र न्यायाधीशको हातमा देख्ने गर्दछौं । धार्मिक गुरु जस्तै पुजारी, बहुराष्ट्रिय संघका अधिकारी, सम्प्रदाय वा गुटका नाइके, पेशागत युनियनजस्ता सामाजिक संस्थाका नेताका साथमा पनि यो शक्ति हुने गर्दछ । सार्वजनिक सरोकारका विषयमा मूर्त शक्तिले निर्णायक तहमा कसलाई सामेल गराउने र कसलाई नगराउने भन्ने कुराको निर्क्योल गर्दछ । राष्ट्रिय बजेटको कति प्रतिशत शिक्षा, स्वास्थ्य र रक्षामा लगाउने वा सडक वा विद्यालय पुनर्निर्माण गर्न गाउँपालिकाको कति प्रतिशत बजेट विनियोजन हुने भन्ने कुराको निर्णय मूर्त शक्तिकै उदाहरण हो । आर्थिक र सामाजिक रूपले शक्तिशाली व्यक्तिहरू (उदाहरणका लागि सम्पत्ति, पद, लैङ्गिकता, वर्ण, सम्प्रदाय, वर्ग वा जातका कारण) कै चाहनाअनुसार राजनीतिक पद्धति कायम हुन्छ, योजना र बजेट आउँछ, गरिब जनताको संख्या ठूलै भएतापनि उनीहरूको चाहना प्राथमिकतामा पर्दैन, अरुको दबाबमा कुण्ठित हुनपुग्छ ।

### निजी स्थानहरूमा

परिवार, घर वा वैवाहिक सम्बन्धमा मूर्त वा प्रत्यक्षरूपमा शक्तिले काम गरिरहेको हुन्छ । तर, यसको उत्पत्ति सामाजिक मूल्य–मान्यता र चालचलनले गर्छ । सरकार, प्रहरी, सैनिक वा अदालतजस्ता औपचारिक आधिकारिक संस्थाले भन्दापनि मूर्त शक्तिले कसले केमाथि नियन्त्रण राख्छ भन्ने कुरा निर्धारण गर्छ । निजी क्षेत्रमा मूर्त शक्ति लैङ्गिकतामा आधारित हुन्छ र यसले उमेर, वैवाहिक अवस्था, निजी सम्पत्तिमाथि नियन्त्रण एवं अन्यमा वर्गीकरण सिर्जना गर्दछ । यसको एक प्रभावकारी उदाहरणका लागि घरको मूलीको शक्तिलाई लिन सकिन्छ । घरको मूली पुरुष वा वृद्धा विवाहित महिला (सासु) ले प्रत्यक्ष शक्ति हात लिने गरेको देखिन्छ । घरको काम वा रेखदेखका साथसाथै आर्थिक तथा उत्पादनशील कामका लागि गरिने श्रम विभाजनमा लैङ्गिकतालाई आधार मान्ने गरिन्छ । उदाहरणका निम्ति, मूर्त शक्तिकै कारण महिलाले दैनिक व्यवहार चलाउन अत्यावश्यक कार्यहरू गर्छन् तर उनीहरूले समान ज्याला भने पाउँदैनन्, आम्दानीमा पहुँच हुँदैन, वंशाणुगत सम्पत्तिमाथि अधिकार हुँदैन, हिडडुल गर्ने छुट रहँदैन, आफ्नै शरीरमाथि नियन्त्रण हुँदैन, सम्बन्ध स्थापित गर्ने र यौन सम्बन्ध वा प्रजननमा पनि आफ्ना निर्णय लागु गराउन पाउँदैनन् । मूर्त वा प्रत्यक्ष शक्तिले छोरालाई दिइने प्राथमिकतालाई पनि समेट्छ ।

[2] लिसा भेनक्लासेन र भलेरी मिलर, अ न्यू वेभ अफ पिपुल, पावर एण्ड पोलिटिक्स, जस्ट एसोसियट्स (जेएएसएस), २००२ प्रति आभार ।

**लुप्त वा अप्रत्यक्ष शक्ति प्रभावमा हुन्छ तर प्रत्यक्ष देखिँदैन । एजेण्डा बनाउने शक्ति पनि भन्ने गरिएको यस शक्तिले निर्णयमा कसले प्रभाव पार्दछ वा पर्दापछाडि कसले एजेण्डा बनाउँछ, कसको आवाज सुनिन्छ वा विशेष विषयका निम्ति कसको सल्लाह लिइन्छ भन्ने कुरामा निर्भर गर्दछ ।**

यस प्रकारको शक्ति व्यक्तिको अवसर, स्रोत माथिको पहुँच र अधिकारलाई प्रत्यक्ष रूपमा असर नपारीकन प्रयोग गरिन्छ । कसैलाई कुनै ठाडो आदेश नदिईकन वा औपचारिक अधिकारविना र आँखाले नदेखिने गरी प्रभाव पार्नसक्ने काम यसमा हुन्छ । लुप्त शक्ति वा एजेण्डा बनाउने शक्तिले पनि निजी तथा सार्वजनिक क्षेत्र दुवैमा प्रभाव पार्दछ ।

## सार्वजनिक क्षेत्रमा

हामीले राजनीतिकर्मी एवं धार्मिक गुरुका बीच, निजी संस्था वा लागुऔषध वा हात–हतियार ओसार–पसार गिरोहका बीच निकटतम तर लुप्त किसिमको सम्बन्ध हुने गरेको भेटेका छौं । यसैले गर्दा राजनीतिक निर्णय तथा नीति निर्माणमा कुनै प्रत्यक्ष शक्ति वा अधिकार नभएतापनि उनीहरूको प्रभाव देखिने गर्दछ । होन्डुरसमा सरकार तथा निजी संस्थाहरूको चाहनामा विवाद भएका कारण जिनी हतियारधारीको प्रयोग गरेर बर्टा कारसेरासको हत्या गरिएको थियो ।

सामाजिक परिवर्तनको उचित बाटो पहिल्याउन, सामाजिक परिवर्तन कस्तो हुनुपर्छ भन्ने क्रममा दातृनिकाय एवं संघ–संस्थाहरूले लुप्त शक्ति प्रयोग गर्ने गर्दछन्, र अप्रत्यक्षरूपमा उनीहरूको प्राथमिकता र गतिविधि एवं उनीहरूका कामलाई पनि नियन्त्रण गर्ने गर्दछन् । राष्ट्रिय बजेटमा कति रकम विनियोजन गरिन्छ, कुन कानुनको तर्जुमा हुन्छ र के हटाइन्छ भन्ने कुरामा पनि लुप्त शक्तिको प्रभाव हुन्छ । पछिल्लो केही समयसम्म पनि घरेलु हिंसालाई निजी विषय मानिन्थ्यो र यसलाई कुनै कानुनको दायराले सजाय दिन सकिँदैनथियो । रोजगारीको स्थानमा भएका यौन दुर्व्यवहारका पीडकलाई पनि कुनै कानुनले सजाय दिँदैनथ्यो । बलात्कारजस्तो यौन हिंसाको कानुनी प्रावधानअनुसार पीडकलाई आफ्नो निर्दोषिता पुष्टि गर्न लगाउनुभन्दा पनि पीडितलाई सो घटना पुष्टि गर्नुपर्ने जिम्मेवारी थपिन्थ्यो ।

## निजी क्षेत्रहरु

राष्ट्रिय कानुनले बन्देज लगाएको भएतापनि लैङ्गिक विभेद र अन्य पूर्वाग्रह कसरी उत्पन्न हुन्छ र परिवार एवं सम्प्रदायमा कसरी लादिन्छ भन्ने कुरामा पनि लुप्त शक्तिको प्रभाव देखिन्छ । उदाहरणका निम्ति, घरमा महिलाले छोराछोरीलाई लैङ्गिक सामाजिक मूल्य–मान्यता सिकाउँछन्, कसरी एक असल केटी बन्ने, केटाहरूलाई बहादुर र निर्दयी हुनुपर्छ भन्ने ज्ञान दिने, छोराहरूको हिंडडुलमा कुनै रोकटोक नगर्ने तर छोरीहरूको पहिरन र आवागमनमाथि नियन्त्रण गर्ने, छोराहरूलाई मिठो र धेरै खाना एवं स्वास्थ्य स्याहार दिनेजस्ता अन्य कार्यहरू पर्दछन् । सामाजिक मूल्यका यी लुप्त शक्ति हुन् । घर भित्र पुरुषको सुविधा एवं शक्तिको संरक्षण गर्ने महिलाले कुनै औपचारिक अधिकारविना नै लुप्त शक्तिको प्रयोग गर्ने गर्दछन् । परिवारभित्र हुने गरेको यस्तो अवस्थालाई टेलिभिजनमा चल्ने गरेका स्थानीय भाषाका प्रख्यात टेलिश्रृङ्खलाहरूमा हेर्नसकिन्छ ।

**विभिन्न अवस्थामा अदृश्य शक्तिको नदेखिने गुणका कारणले गर्दा शक्तिका विभिन्न स्वरूपमध्ये यसलाई सबैभन्दा बढी समस्याग्रस्त रूपमा लिइन्छ । यो अवस्था तबसम्म हुनेगर्दछ जबसम्म हामीले यसलाई पहिल्याउने पद्धति र स्थानबारे ज्ञान प्राप्त गर्दैनौं ।**

यस कारणले यी शक्तिलाई चुनौती दिन वा विरोध गर्न सबैभन्दा कठिन हुनेगर्दछ । अदृश्य शक्तिले मानिसले कसरी सोच बनाउँछन् र आफ्नो बारेमा के महसुस गर्दछन् (मानिसहरूको आत्मचित्रण, आत्मबल) भन्ने कुरालाई प्रभाव पार्दछ । यसले सामाजिक आचरण एवं पूर्वाग्रहको सिर्जना गर्दछ र व्यक्तिका चाहना एवं आवश्यकतालाई प्रभावित पार्ने गर्दछ ।

**विचारधारा** सम्भवतः अदृश्य शक्तिको सबैभन्दा प्रभावशाली एवं व्यापक स्वरूप हो किनकि यसले विश्वास, विचार र मूल्य-मान्यतालाई जनाउँछ जसले के सही र के गलत भन्ने अवधारणाको विकास गराउँछ, उचित वा अनुचित, प्राकृतिक वा अप्राकृतिक भन्ने चिनारी दिनेगर्दछ । यो एक अदृश्य शक्ति हो जसले हामीलाई अन्यायपूर्ण सामाजिक प्रणाली स्वीकार गर्न, यसमा सहभागी गराउन र सहयोग गरी बचाइराख्न एवं आफ्नै दुर्बलीकरण गर्न पनि सिकाउँछ । यसको एक उदाहरण हो पितृसत्तात्मक विचारधारा वा पुरुषलाई उच्च मान्ने अवधारणा । यो प्रणाली एवं यसलाई सहयोग गर्ने विचारधाराका कारण पुरुषले यो पद्धति लाद्ने नभएर महिलालाई सानै उमेरदेखि यो स्वीकार गर्न र यसको विरोध नगर्न सिकाइने भएका कारण हो । उनीहरूले नै पछि गएर सिर्जना हुने विभेदीकरण र असमानताको अवस्था खेप्नुपर्ने भएतापनि सो ही चलन चलिरहेको छ । यसरी पितृसत्तात्मक सोच महिलाद्वारा नै संरक्षित हुनेगरेको छ जसमा पुरुषहरूले केही नगरेपनि उच्च स्थान हासिल गर्दछन् । वर्णको विचारधारा (गोराहरू काला वर्णभन्दा उच्च), विषमता (केटा र केटीबीचको आकर्षण मात्र प्राकृतिक वा सामान्य हुने विचार) तथा जात (केही जात अरुभन्दा उच्च हुने विचार) अदृश्य शक्तिका उदाहरणहरू हुन् जसले मानिसको आत्मचित्रण, आचरण तथा पूर्वाग्रहलाई स्वरूप दिनेगर्दछ । **हामी आफ्नो विचारधाराभन्दा बाहिर गएर काम गरिरहेका हुन्छौं भने त्यसमा प्रायः अदृश्य शक्तिले भूमिका खेलिरहेको हुनसक्छ ।**

**सञ्चार माध्यम**, विज्ञापन तथा व्यापारिक उद्योग अदृश्य शक्तिका बलिया उदाहरण हुन् । समाचारले दैनिकरूपमा कुन विषयलाई प्राथमिकता दिने र कुनलाई महत्व नदिने भन्ने छनौट गरेर एवं आजको सबैभन्दा महत्वपूर्ण विषयबारे बताएर अदृश्य शक्ति प्रयोग गर्ने गर्दछन् । उनीहरूले महत्व नदिएका र नसमेटेका विषयहरू पनि महत्वपूर्ण हुन्छन् । तर कुनै विषयलाई अदृश्य बनाएर यिनीहरूले हाम्रो सामाजिक, आर्थिक तथा राजनीतिक प्राथमिकताहरूलाई प्रभावित गर्छन् र हामीलाई थाहै नदिई कुन विषय महत्वपूर्ण हो वा होइन भनेर प्रभाव पारिरहेका हुन्छन् । विज्ञापन उद्योगले पनि यसै गरिरहेको हुन्छ । रंगीचंगी विज्ञापन, सुरिलो धुन र तस्वीरहरूले विभिन्न उत्पादनका बारेमा परोक्ष रूपले हाम्रो सोच बनाइरहेका हुन्छन् । के राम्रो हो, के आकर्षक, खराब वा नकारात्मक हुन्छ भनेर मान्यता तयार पार्न सघाइरहेका हुन्छन् । यसबारे सचेत नभईकन नै हरेक दिन हामीलाई दुब्लो हुन, गोरो हुन, कुनै मोडेलजस्तो हुन, लुगा लगाउन वा जुत्ता, क्रिम, फोन, वा उपकरण किन्ने चाहना पैदा गराउन भूमिका खेलिरहेका हुन्छन् । टेलिभिजन शृंखलाहरूले पनि यसैगरी के कुरा सामान्य हो, हाम्रो मूल्य–मान्यता, हाम्रो भाषा, लुगा एवं व्यवहारलाई परोक्ष रूपमा प्रभाव पारिरहेका हुन्छन् । यो नै अदृश्य शक्ति हो ।



**शक्तिको विभिन्न स्वरूप बुझ्न किन महत्वपूर्ण हुन्छ ?** सामाजिक परिवर्तन वा महिलाका अधिकारका काममा प्रायः हामी देखिने शक्तिमा केन्द्रित हुन्छौं– कानुन संशोधन गर्ने, राजनीतिक कार्यालयमा महिलालाई पुऱ्याउने, हिंसा गर्नेविरुद्ध मुद्दा चलाउने आदि । तर सोही अवस्थामा काम गरिरहेका र ठूलो प्रभाव पार्ने लुप्त वा अदृश्य शक्तिलाई हामीले कम महत्व दिन्छौं । यदि शक्ति संरचनामा दिगो परिवर्तन ल्याउने हो भने, यिनलाई पूर्णरूपमा क्षीण पार्नुपर्दछ । यसको जगको काम गरिरहेका लुप्त र अदृश्य शक्तिलाई पहिचान गरेर र क्षीण पारेर मात्र हामी सफल हुनसक्छौं ।

# ५

## शक्ति कसरी अभिव्यक्त हुन्छ ?

हामीलाई आफूभित्र होइन, आफूबसेको समाज वा समुदायबाहिर शक्तिको अवस्था परिवर्तन गर्नुपर्छ भन्ने लाग्छ।

# ९ शक्तिको अभिव्यक्ति

**कसैमाथि प्रयोग गर्ने** शक्ति

**कामका लागि** शक्ति

**आन्तरिक** शक्ति

**अन्तरनिहित** शक्ति

**मातहत** शक्ति

**कसैमाथि गरिने शक्तिको प्रयोग** सबैभन्दा सहजै पहिचान गर्नसकिने र देखिने शक्तिको अभ्यास हो । प्रत्यक्ष देखिने शक्तिको प्रयोग गर्दैआएका व्यक्ति र संस्थाहरूले कसैमाथि यसको प्रयोग गरिरहेका हुन्छन्, जस्तैः बाबु, आमा, धार्मिक गुरु तथा राजनीतिकर्मी । यो शक्ति कसले के निर्णय लिन्छ भन्नेसम्बन्धमा हुन्छ । अन्य व्यक्तिमाथि प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण गरेर उनीहरूका अवसर, विकल्प र कामहरूबारे निर्णय लिनेगरिन्छ । कसैमाथिको शक्तिको प्रयोगले दमनलाई दर्शाउँछ । केही उदाहरणहरूः एमबुटोले आफ्ना दुई छोराछोरीमध्ये एक जनालाई मात्र विद्यालय पठाउन सक्ने भएकाले छोरालाई मात्र माध्यमिक विद्यालय पठाउने निर्णय लिए । ज्योतिषीले पात्रोमा अन्न भित्र्याउने तिथि नभएका कारण उत्सव नमनाउने निर्णय सुनाए । जानाले आफ्नी छोरीलाई साथीहरूसँग खेल्न नपठाएर लुगा धुन लगाइन् । संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले इराकमाथि आक्रमण गर्ने निर्णय लिए, अर्को राष्ट्रपतिले केही मुलुकका नागरिकलाई संयुक्त राज्य अमेरिका छिर्ने अनुमति दिएनन् ।

**कसैमाथि तपाईंले प्रयोग गरेको शक्तिको अनुभव यहाँ लेख्नुहोस्**

**कामका लागि शक्ति** सामान्य कार्य गर्नका लागि आवश्यक पर्ने शक्ति हो। यस्तो शक्ति अरुको अनुमति वा सहमति नलिईकन व्यक्तिगत, समूहगत वा राजनीतिक उद्देश्य प्राप्त गर्न आफ्ना लागि वा अरुका लागि केही गर्न आवश्यक पर्छ। यसलाई क्षमता पनि भन्न सकिन्छ। यो केही गर्नसक्ने शक्ति हो जसलाई कहिलेकाहीं 'एजेन्सी' पनि भनिन्छ। केही उदाहरणः नगम्मा एक भूमिहीन दलित श्रमिक महिला हुन् जसले जमिनदारलाई नजिकैबाट हिंड्दा निहुरिनुपर्ने चलन अबदेखि नमान्ने निर्णय लिइन्। उनले अरु दलित महिलाले पनि यसै गर्ने विश्वास लिएकी थिइन्। सिफोले माध्यमिक विद्यालयको प्राङ्गणबाहिर बरफ र खेलौना बेचेर आम्दानी गर्ने अनि कलेज जाने निर्णय गरिन्।

**कामका लागि शक्तिसँग सम्बन्धित आफ्नो अनुभव यहाँ लेख्नुहोस**

**आन्तरिक शक्ति** आफूभित्रको शक्तिका बारेमा पहिले नै व्याख्या गरिएको छ। आन्तरिक शक्तिलाई अमूर्त स्रोतको सिद्धान्तसँग जोड्न सकिने कुरालाई ध्यान दिनुपर्छ। ज्ञान, सूचनामा पहुँच, सम्बन्ध, सामाजिक सञ्जाल सबैले आन्तरिक शक्तिलाई बढावा दिन मद्दत गर्दछन्।

**आन्तरिक शक्तिसम्बन्धी आफ्नो अनुभव यहाँ लेख्नुहोस्**

**अन्तरनिहित शक्ति** सामूहिक शक्ति हो । अन्यायबाट पीडित तथा सो विषयमा सरोकार राख्नेहरूले अन्यायको विरोध गर्न वा आवाज उठाउन र चुनौती दिन यसको प्रयोग गर्दछन् । शक्तिको सबैभन्दा प्रभावशाली स्वरूप भनेको अन्तरनिहित शक्ति हो र यसले विश्वबाट दासत्वजस्तो ठूलो अन्याय तथा शक्तिशाली तानाशाह एवं शासनको पनि अन्त्य गरेको छ । केही उदाहरणहरूः इजिप्ट, नेपाल, ब्राजिल र अन्य मुलुकका सरकार एवं अलोकप्रिय नेताहरूलाई हजारौं नागरिकले आन्दोलन गरेर हटाए । भारतको मणिपुरका केही ज्येष्ठ महिलाले सुरक्षा निकायले आफ्नो समुदायकी एक महिलालाई गरेको बलात्कार एवं भगच्छेदनको विरोधमा नाङ्गै भएर शान्तिपूर्ण जुलुस निकाले । होन्डुरसमा खानीको विरोध गरेका कारण वातावरणविद बेर्टा कार्सेरासको हत्या गरियो, यसको विरोधमा महिला समूहले गाउँदेखि संयुक्त राष्ट्रसंघको तहसम्म विरोध कार्यक्रम गरेर खानीलाई सो स्थानबाट हट्न बाध्य बनाए । प्रत्येक वर्ष फेब्रुबरीमा मनाइने 'उर्लदो १ अरब अभियान' अन्तर्गत दशौं लाखको जनसमूहले महिलाविरुद्ध हुने हिंसासम्बन्धी सचेतना फैलाउनका निम्ति जुलुस र नृत्य देखाउने गर्दछन् ।

**शक्तिको प्रयोग गरेर एकले अर्को व्यक्तिलाई दमनमा पारेको हुन्छ भन्ने यथार्थ बुझ्नु आवश्यक छ । निजी संघ–संस्था एवं राजनीतिकर्मीले यस प्रकारको शक्तिको प्रयोग गर्दै सरकारी नीति परिवर्तन गराएर निहित स्वार्थ पूरा गरिरहेका एवं राजनीतिज्ञहरूको गोजी भरिरहेका हुन्छन् । यो एक पृथक किसिमको सामूहिक शक्ति हो जसले न्याय वा समानतासँग कुनै सरोकार राख्दैन ।**



**अन्तरनिहित शक्तिका सम्बन्धमा आफ्नो अनुभव यहाँ लेख्नुहोस्**


**मातहत शक्ति** एक जटिल र व्यापक स्वरूपको विषय हो जसलाई महिला तथा महिलाका संघ–संस्था एवं कार्यक्रमहरूमा बढी नै देख्ने गरिन्छ । यसले विभेद, शोषण, दमन, र त्रासको अनुभव गरेका मानिसका हातमा शक्ति परेपछि आफैपनि किन निरंकुश शासक भएर दमन र अत्याचार गर्ने गर्दछन् भन्ने कुराको व्याख्या गर्दछ ।



## मातहत शक्ति के हो ?

मनोचिकित्सा विश्लेषक स्टेभेन वाइनम्यानले लडाईँमा आघात पुऱ्याइएका, विस्थापित भएका, हिंसा एवं शोषणमा परेका व्यक्तिहरूसँग काम गरेपछि यस अवधारणाको विकास गरेका हुन् । शक्तिहीन भएको क्रोधका कारणले यो शक्ति उत्पन्न हुने गर्दछ । उपचार नपाएको रिस र असहायपनका कारण सिर्जना हुने प्रतिशोध त्यस अवस्थाबाट छुटकारा पाएपछि पनि कायमै रहेको हुनसक्छ । हिंसा र आघातमा परेका पीडितहरूले आफू पीडित भएको मानसिकताबाट उन्मुक्ति पाएको अनुभूति गर्न कठिन हुन्छ । शासकीय अवस्थालाई हटाएर आफ्नो हातमा शक्ति ल्याएपछि पनि यसले निरन्तरता पाउँछ (जस्तै, कुनै संस्थाको नेतृत्व वा घरमा नेतृत्व गर्दा) । उनीहरूलाई पुनः पीडित हुने डर भइरहन्छ र उनीहरू यसो हुन नदिने उपायको खोजीमा रहन्छन्, अरुमाथि दमन र शासन गरिरहेमा पीडित हुनु पर्दैन भन्ने विश्वासमा हुन्छन् । उनीहरू आफ्नो बचाउका निम्ति पहिले प्रयोग गरिएका व्यावहारिक रणनीति प्रयोग गरिर हन्छन्, जस्तैः विध्वंश, विरोध, भ्रष्टकारिता, झुटो चाप्लुसी, कुराकानीआदि । पीडित बनेका र त्यस प्रकारको पीडा सार्वजनिकीकरण हुँदा पनि उपचार नपाएका व्यक्तिले अन्य व्यक्तिमाथि दमन वा दुरूपयोग नगर्ने गरी उचित रूपमा शक्तिको प्रयोग गर्न सक्दैनन् । *उनीहरूलाई शक्ति प्रयोग गर्ने केबल दुई तरिका थाहा हुन्छः अरुमाथि शक्तिको प्रयोग गर्ने वा मातहत शक्ति ।*

सामाजिक परिवर्तनको सन्दर्भमा मातहत शक्तिको अभ्यासको प्रभाव निकै गम्भीर रहेको छ । मातहत शक्तिमा बन्धक बनेका व्यक्तिहरूले आफूले भोगेका अन्याय हटाउन संस्थागत प्रयास गर्ने र अभियान चलाउने प्रयास गरिरहेका हुन्छन् । तर, उनीहरूमा शक्तिहीनताका कारण सिर्जित आक्रोशलाई पहिचान गरी सम्बोधन गर्ने कुनै प्रक्रिया नथालिंदासम्म अचेत अवस्थामै यस प्रकारको शक्ति प्रयोग भइरहेको हुन्छ । प्रायः महिलाले उनीहरूको जीवनमा कैयौं विभेद खेपेका हुन्छन्, र यीमध्ये ठूलो संख्याले उग्र हिंसा एवं शोषण भोगेको हुन्छ । यसले गर्दा महिलाले प्रयोग गर्ने शक्तिमा प्रायः मातहत शक्तिको अवशेष हुनु अचम्मको विषय मानिँदैन । लैङ्गिक दमनका विरुद्ध लड्नका निम्ति जब महिलाले संघ–संस्था खोल्छन् र अभियान चलाउँछन्, यस्तो अवस्थामा उनीहरूले शक्तिको अभ्यास गर्दछन् र शक्तिको प्रयोग गर्दा यसको दुरूपयोग गर्दै आफ्नै सिद्धान्त विरुद्ध जाने सम्भावना पनि रहन्छ ।



## जान्जिबारको अनुभव

### उपचार नपाएको शक्तिहीन अवस्थाको आक्रोशको कथा

धेरै अफ्रिकी ज्येष्ठ महिलावादीहरूले यस मातहत शक्तिको विध्वंशक उदाहरणको रूपमा जान्जिबारको अनुभव सुनाउने गर्दछन् । यो एक सफलतामा टुंगिने अपेक्षा गरिएको बैठक कसरी पीडा, ईर्ष्या, छटपटी तथा भेदभावको विकराल स्वरूपको स्रोत बन्यो भन्ने कथा हो । वि.सं. २०६० मा अफ्रिकन फेमिनिस्ट कङ्ग्रेसको योजना बनाउन जान्जिबारमा महिलावादी एक समूहको बैठक बसेको थियो । सोमबारको सो बैठकमा ३५ महिलावादी सहभागी थिए । छलफलको क्रममा रहेका महिलाले एक–अर्कालाई संस्थागत राजनीतिका बारेमा लिएका अपेक्षा पूरा नहुने सम्भावना देखाउँदै आलोचना गर्न  थाले । अर्को शब्दमा भन्नुपर्दा सो प्रक्रियामा शक्तिहीन अवस्थाको प्रतिशोधले ठूलो प्रभाव पार्‍यो । मंगलबारसम्ममा पछाडि कुरा काट्ने, दुश्मनी देखाउने, आँसु बगाउने, तितो पोख्ने र हल्ला मच्चाउने काम हुनथाल्यो । छलफल सम्पन्न हुनसकेन । सहभागीले सिद्धान्त र अभ्यास सधैं मिल्न नसक्ने पाठ सिके ।

यस अनुभवले अफ्रिकी महिलावादी अगुवाहरूलाई नेतृत्वको पहिलो चरण भनेको हामी विविध इतिहास र अनुभवको सँगालो लिएर अभियानमा आएका हुन्छौं, जसका कारण हामीले एक–अर्कालाई गर्ने व्यवहारमा सांस्कृतिक सतर्कता आवश्यक पर्दछ भन्ने कुरा मनन गरायो । यस्तो अवस्थामा विध्वंशक सम्भावनालाई व्यवस्थापन गराउने हेतुले सामान्य नियम पहिला नै निर्माण गर्नु आवश्यक हुन्छ । अफ्रिकी फेमिनिस्ट चार्टर महिलावादी क्षेत्रको यस किसिमको सबैभन्दा पहिलो आचारसंहिता हो जुन जान्जिबारको उपज मान्न सकिन्छ ।



सामाजिक न्याय वा लैङ्गिक समानताका अभियन्ता एवं पैरवीकर्ताका रूपमा हामीले खेप्नुपर्ने एक समस्या सोच वा दृष्टिकोणसँग सम्बन्धित छ । हामी बाहिरी बृहत् समाज वा समुदायमा शक्तिको परिवर्तन खोजिरहेका हुन्छौं, आफैभित्र परिबर्तन खोज्दैनौं । हामी आफूभित्र आवश्यक पर्ने परिवर्तन देख्दैनौं । हामी आफूले गर्ने गरेको शक्तिको प्रयोग र दुरूपयोगमाथि न्यून मात्रामा मात्र विचार गर्ने गर्दछौं । हामी आफूलाई शक्तिको दुरूपयोग भन्दा माथि उठेका महात्मा र रक्षकको रूपमा हेर्ने गर्छौं । तर विश्वमा वास्तवमा परिवर्तनको अभियन्ता हुनका  निम्ति हामीले आफैबाट परिवर्तनको थालनी गर्नुपर्छ । हामीले महात्मा गान्धीको सुझाव सधैं मनन गर्नुपर्छ, 'आफूले विश्वमा हेर्न चाहेको परिवर्तन पहिला स्वयंमै ल्याउनुपर्छ ।' हामी आफू तयार नभईकन अरुलाई बदलिन वा फरक तरिकाले सोच्नुपर्छ भन्न मिल्दैन, हामीले आफ्ना आचरण, विश्वास तथा व्यवहारमा परिवर्तन ल्याउन नचाहने तर अरुलाई त्यसो गर भन्ने व्यवहारमा सुधार ल्याउनुपर्छ । 'केबल शक्तिसँगको हाम्रो सम्बन्ध केलाएर मात्र अहिलेसम्म प्राप्त हुन नसकेको शक्ति आर्जन गर्नसकिन्छ, रूपान्तरण सम्भव हुन्छ ।'[3] यसको अर्थ, मानिस न्यायपूर्ण तरिकाले बाँच्न सक्छन् ।

---

[3] पुनर्लिखित अचुच्छेद । विलियम जे. बारबर द्वितीय र जोनाथन विल्सन हार्टग्रोभको 'सबर्टिङ्ग डेमोक्रेसी इज नट पार्टिजन । इट इज इम्मोरल' बाट उद्धृत, सोजोउर्नसबाट लिइएको । https://sojo.net/articles/subverting-democracy-not-partisan-it-immoral

**यसैकारण शक्तिसँगको हाम्रो सम्बन्ध एवं यसको प्रयोग गर्ने तरिका केलाउने अवसरको सदुपयोग गरौं । यी अभ्यासले तपाईं-हामीलाई देहायको कार्य गर्न मद्दत गर्नेछः**

- तपाईंले हासिल गरेको शक्तिसँग सम्बन्धित पहिलो अनुभव कस्तो थियो ? त्यस अनुभवलाई आज तपाईंसँग रहेको शक्ति–सम्बन्धको प्रभावसँग तुलना गर्नुहोस् ।

- तपाईंले अभ्यास गर्दैआएको शक्तिमा के परिवर्तन गर्न जरुरी छ थाहा पाउन आफ्नो अभ्यासको विश्लेषण गर्नुहोस् ।

तपाईंले यो पुनरवलोकनको नतिजा कसैलाई सुनाउन वा देखाउन पर्दैन, तर यसले तपाईं स्वयंभित्र गर्नुपर्ने परिवर्तनका लागि लड्न मद्दत गर्नेछ ।

**शक्तिसँगको आफ्नो व्यक्तिगत इतिहास पहिल्याउने, हामीले शक्तिलाई कसरी बुझेका छौं**

# पहिलो कदम फर्केर हेर !

- याद गर्नुहोस् त्यस्तो अन्तरक्रियाको समय जहाँ तपाईंले आफूलाई ***व्यक्तिहरूका बीच पहिलो पटक शक्ति भएको*** वा अरुभन्दा बढी शक्ति भएको व्यक्तिको अनुभव गर्नुभयो । यस्तो अनुभव घर, विद्यालय, खेलमैदान वा अन्य जहाँ पनि हुनसक्छ र त्यो ***मातहत शक्ति (प्रत्यक्ष शक्ति)*** वा ***अप्रत्यक्ष*** वा ***लुप्त शक्ति*** वा ***मूर्त शक्ति (एजेन्डा बनाउने शक्ति)*** को अनुभव हुनसक्छ । सो अन्तरक्रियामा के कारणले आफूलाई ***शक्ति***को आभास गरायो– सम्झना गर्नुहोस् ।

- अब पहिलो पटक आफ्नो शक्ति अनुभव गरेको समयको सम्झना गर्नुहोस्, के त्यो कसैमाथि शक्ति वा लुप्त शक्ति वा मातहत शक्ति थियो ? सो अन्तक्रियामा के कारणले आफूलाई आफ्नो शक्तिको आभास भयो, सम्झना गर्ने प्रयास गर्नुहोस्

# दोस्रो कदम

- फर्केर हेर्दा, सामाजिक शक्ति सम्बन्धमा आफूलाई कुन अवस्थामा रहेको महसुस गर्नुभयो ? (लागु हुने सबै छनौट गर्नुहोस्)। आफूलाई प्रायः कुन अवस्थामा पाउनुहुन्छ ?
  - **लादिएको**ः नियन्त्रित भएको (आफूमाथि कसैले शक्ति वा अख्तियारी प्रयोग गरेको) अवस्थामा तपाईंले कस्तो महसुस गर्नुभयो ?
  - **समान**ः अरुसँग मिलेर अख्तियारी वा नियन्त्रणको काम गर्दा कस्तो महसुस गर्नुभयो ?
  - **नियन्त्रण**ः जब तपाईंले अरुमाथि शक्ति प्रयोग गरिरहनु भएको हुन्छ, कस्तो महसुस गर्नुहुन्छ ?
  - **अन्य**ः माथि उल्लेख गरिए भन्दा पृथकः कृपया सो सम्बन्धमा अरुका आधारमा आफ्नो अवस्था खुलाउनुहोला, के महसुस गर्नुभयो व्याख्या गर्नुहोस् ।

- यी विविध शक्तिका अवस्थामध्ये तपाईंले ***सबैभन्दा सहज महसुस गर्ने*** स्थान कुन हो ? कुन अवस्थामा तपाईंलाई के गर्ने, तपाईंबाट के अपेक्षा गरिएको छ र सो अवस्थालाई उचितरूपमा कसरी व्यवस्थापन गर्ने ?



# तेस्रो कदम

- तपाईंको संस्था वा व्यक्तिगत जीवनमा ***अधिकार प्राप्त पदमा रहेका व्यक्तिले प्रयोग गरेको शक्ति***प्रति तपाईंको प्रतिक्रिया कस्तो हुन्छ ? के त्यस प्रतिक्रियाको विधिमा तपाईंले हासिल गरेको अनुभवको प्रभाव थियो भन्ने ठान्नुहुन्छ ?
- तपाईंको निजी वा संस्थागत जीवनमा यी अनुभवले ***तपाईंले प्रयोग गर्ने शक्तिको तरिकामा*** कस्तो प्रभाव पारेका छन् ?
- आफैंलाई प्रश्न गर्नुहोस्ः *के **मसँग शक्तिहीनताले सिर्जना गरेको आक्रोश छ** ?* के म मातहत शक्तिको अभ्यास गर्दैछु (अरुलाई गिराउने, अरुलाई दमन नगर्दा अरुले आफूलाई दमन गर्ने डर भइरहने, सधैं नियन्त्रित भइरहने डर वा रिस)
- यदि तपाईंले शक्तिको प्रयोगमा आफूमा परिवर्तन ल्याउनुपर्ने देख्नुभएको छ भने कस्तो सहायता, निर्देशन, प्रक्रियाको आवश्यकता देख्नुभएको छ ?




# ६

## शक्तिले कसरी काम गर्दछ ?

यस अन्तिम खण्डमा हालसम्म सिकिएका कुराहरूको एकीकृत संरचना बनाई सार प्रस्तुत गरिनेछ जसले कसरी शक्ति संरचनाको सिर्जना गर्छ, सञ्चालन हुन्छ एवं निरन्तरता प्राप्त गर्छ भन्ने बुझाइ प्रस्तुत गर्न मद्दत गर्नेछ।

# शक्ति संरचना कसरी निर्माण हुन्छ







हामी शक्ति संरचना कसरी बन्छ भनेर मात्र होइन, अन्यायपूर्ण र असमान व्यवहारका बाबजुद त्यो कसरी कायम रहन्छ र स्थायित्व प्राप्त गर्छ भन्ने पद्धतिको जानकारीका लागि श्रृंखलावद्ध ग्राफहरूको प्रयोग गर्दै व्याख्या गर्ने छौं । धेरै दमन, शोषण एवं विभेदमा पारिएका व्यक्तिहरूले पनि यस शक्ति संरचनालाई किन स्वीकार गर्छन्, किन यसमा सहभागी हुन्छन् र यदाकदा यसलाई सहयोग पनि गर्छन् भनेर बुझ्नका लागि पनि यस अध्यायले मद्दत गर्नेछ ।

पहिले शक्ति संरचना कसरी निर्माण हुन्छ भनेर बुझौं । पहिले लेखिएझैं केही व्यक्ति वा समूहले विशेष गरेर भौतिक स्रोत (भूमी, पैसा) एवं ज्ञानका स्रोतलगायत विविध किसिमका स्रोतमाथि बढी पहुँच एवं नियन्त्रण बनाउनाले शक्ति संरचनाहरू निर्माण हुनेगर्दछन् । यस शक्तिको प्रयोगबाट मानव स्रोतको नियन्त्रण हुनेगर्दछ, जस्तैः आफ्नो भूमी वा आर्थिक स्रोत नभएका कारणले शक्तिमा रहेका व्यक्तिका निम्ति श्रम गरेर मात्र जीविकोपार्जन गर्नसक्ने समूह नियन्त्रित अवस्थामा हुन्छन् । लैङ्गिकतामा आधारित शक्ति संरचनाहरू (पितृसत्तात्मक भनिने) मा शक्ति संरचनाको तल्लो तहमा रहेका गरिब पुरुष पनि गरिब महिला भन्दा शक्तिशाली नै हुन्छन् किनकि तिनीहरूले महिलाको शरीर, यौनिकता तथा प्रजनन क्षमता एवं श्रममाथि नियन्त्रण बनाइरहेका हुन्छन् । भूमी र पैसा भएका धनी पुरुषहरू मात्र नभएर भूमीहीन र गरिब पुरुषहरूले पनि महिलाको शरीर र श्रममाथि नियन्त्रण गर्ने गर्दछन् । यो पनि मानव स्रोतमाथि शक्तिको प्रयोगकै उदाहरण हो ।

**समयको अन्तरालसँगै भौतिक, ज्ञान, तथा मानव स्रोतमाथि नियन्त्रण राख्नेहरूले प्रभावको एउटा सञ्जाल निर्माण गर्दछन् जसले गर्दा अमूर्त स्रोतमाथि पनि नियन्त्रण प्राप्त हुन्छ । तथापि अन्य स्रोतहरूको कमी हुनेहुनाले कठिन समयमा वा रक्षात्मक शक्तिको आवश्यकता पूर्तिका लागि अमूर्त स्रोतहरूको निर्माण हुन्छ । यस्तो शक्ति शक्ति-संरचनाको तल्लो तहमा भएकाहरूले पनि प्रयोग गर्ने गर्दछन् । शक्ति संरचनाको विकासको श्रृंखला माथि चित्रमा प्रस्तुत गरिएझैं हुनेगर्दछ ।**

# शक्ति संरचनाहरु दिगो हुने तरिका






## अन्यायपूर्ण शक्ति संरचनाको उपस्थिति

**शक्ति संरचनामा सबैभन्दा माथि रहेका विशेष अधिकार सम्पन्न सीमित सम्भ्रान्त वर्गलाई यस संरचनाको तल्लो तहमा रहेको ठूलो संख्याका सीमान्तकृत वर्गले आन्दोलनद्वारा सजिलै हटाउन सक्छन् भन्ने त्रास लागिरहेको हुन्छ ।**

यसो नहोस् भनेर कसरी सुनिश्चित गर्ने ? शक्ति संरचनाको पुछारमा रहेका व्यक्तिले पनि यस शक्ति संरचनालाई सहयोग गरुन् वा यस संरचनालाई मानुन् भनेर कसरी सुनिश्चित हुने ? शक्ति संरचनालाई कायम राखिरहन मानिस, ज्ञान र भौतिक स्रोत–साधन माथिको असमान नियन्त्रण एवं दमन कायम राख्नु प्राथमिकताको विषय हुन्छ। यस संरचनालाई उनीहरूले चुनौती नदिउन्, विरोध नगरुन् र माथिल्लो तहमा रहेकाहरूलाई हटाउने प्रयास नगरुन् भन्ने सोचका साथ रोकथाम विधि अपनाउनु महत्वपूर्ण हुन जान्छ । यसको लागि निकै चातुर्यताका साथ यस संरचनाको रक्षा गर्न र चलायमान बनाइराख्न प्रभावकारी विधिको प्रयोग गरिएको हुन्छ। ती के हुन् त, अगाडि हेरौं :

# विचार

पहिलो महत्वपूर्ण विधि भनेको ***विचार*** हो, अन्यायपूर्ण एवं असमान शक्ति संरचनालाई पनि पुष्टि गर्ने विचारधारा वा सिद्धान्त । कयौं शताब्दी पुराना अन्यापूर्ण एवं असमान शक्ति संरचनालाई पुष्टि गर्ने विचारधाराका अवशेष आज पनि जीवित छन्, केही उदाहरण हेरौंः

- **पितृसत्तात्मक** सोच जसले पुरुषलाई महिलाभन्दा माथि हुन्छ भन्छ, यो चलन भगवानले बनाएको (पहिले एडम आए, पछि इभ) भन्ने मान्यता राख्दछ । पितृसत्ता प्राकृतिक (पुरुष बलवान् र ठूला हुने) भएको, जैविक जिम्मेवारी (महिलाले बच्चा जन्माउने र हुर्काउनुपर्ने) जस्ता तर्कहरूले यस सोचको प्रवर्द्धन गरेको छ । पितृसत्तात्मक शक्ति संरचनामा लैङ्गिकतामा आधारित जिम्मेवारी हुने र यस संरचनाका अन्यायपूर्ण अवस्थामाथि प्रश्न गर्न नहुने भन्ने मान्यता बनाइएको छ ।
- **वर्णको सोच**, जसले गोरा व्यक्तिहरू बाठा हुने, क्षमतावान् हुने भएकाले काला वर्णमाथि दमन गर्ने अधिकार पाएको वा कालाहरूले गोरा पुरुषको राजलाई स्वीकार गरेर मात्र फाइदा लिनसक्ने विचार ।
- **जात**को विचारधारा, जसले यस जन्ममा जात भनेको अघिल्लो जन्मको पापको उपज हो र जातका आधारमा आफ्ना जिम्मेवारी पूरा गरेर र जातीय नियमको पालन गरेर मात्र अर्को जन्ममा उच्च जातमा जन्म हुनसक्ने सोच ।

यी अवधारणा र विचारमध्ये कतिपयलाई ग्रन्थहरूमा पनि लिपिवद्ध गरिएको छ । ईशापूर्व २०० वर्षअघिका ब्राहृमण पण्डित मनुले आफ्नो *मनुस्मृति* वा *मानव धर्मशास्त्रमा* जात र लिङ्गका नियमहरू (अन्य सन्दर्भसमेत) लेखे । *मेन काम्फमा* एडोल्फ हिटलरले जातीय उच–निचबारे आफ्नो सिद्धान्त लेखे, जो पछि गएर जर्मनीमा दोस्रो विश्व युद्धताका (वि.सं. १९९६ देखि २००२) भएको यहुदी जातिको




सामूहिक हत्याको घटनासम्म पुग्यो । यस सामूहिक हत्यामा यहुदीसँगै तथाकथित 'तल्ला' जाति– जिप्सीलगायत पनि परे । तर हामीले प्रायः किताब वा औपचारिक अध्ययनबाट तल्लो र माथिल्लो जातका विषयमा धारणा बनाएको होइन, हाम्रो परिवार, घर एवं समुदायमा अभ्यास गरिएका नियम एवं प्रचलनहरूबाट हाम्रो धारणा बनेको हो । हामी व्यक्तिको यौनाङ्ग, वर्ग, जात, वर्ण र सम्प्रदायका आधारमा उनीहरूप्रति खास धारणा बनाउँछौं । उनीहरूका बारेमा बन्ने खास धारणामा आफ्नो परिवारका अभिभावक, शिक्षक वा अन्यले देखाएको व्यवहारले आधारको काम गर्दछ । बाल्यकालदेखि नै हामीमाथि यी विचारहरू थोपरिन्छन्, हामी प्रश्न उठाउने वा चुनौती दिनसक्ने हुनुपूर्व वा सचेत हुनुअगावै थोपरिएका विचारलाई आत्मसात् गर्नपुग्छौं, समाज र परिवारले हामीलाई विभेदकारी अभ्यासका लागि तालिम दिइरहेको हुन्छ ।

शक्ति संरचनाको रक्षा गर्नका लागि बनाइएका साधन मध्ये विचारधारा सबैभन्दा महत्वपूर्ण मानिन्छ । यस विधिले व्यक्तिलाई परम्परागत शासकीय प्रणालीको विरोध नगर्ने बनाउँछ, विरोधको साटो व्यक्ति त्यस अभ्यासको अंग बनेर सहभागी हुनपुग्छ । यस विधिले सबैलाई समाजमा आफ्नो स्थान स्वीकार गर्न सिकाउँछ । गज्जबको कुरा त के भने, विचारधाराकै कारण शक्ति संरचनामा सबैभन्दा बढी दमनमा परेका महिला, दलित, रंग विभेदका शिकार व्यक्ति वा गरिबहरू नै यसको प्रतिरक्षक हुनपुग्छन् । महिलाहरू आफ्ना छोराछोरीलाई लैङ्गिकताको आधारमा नियमहरू सिकाउने मात्र नभएर यी नियमलाई चुनौती दिने महिलालाई चुप लगाउन सहयोग गर्छन् । प्रश्नकर्तालाई चुप लगाउने कारण भनेको पुरुषको सुविधा र शक्तिको रक्षा गरेर अरु महिलालाई सहायक नागरिकका रूपमा कायम राख्न मद्दत गर्नु मात्र हो । एक अदृश्य शक्तिका रूपमा रहेको विचारधारा निकै महत्वपूर्ण साधन हो । हामीले अन्यायलाई आत्मसात् गर्नुको मूल कारण यही विचारधारा हो । यसमा अभ्यास गरेका व्यक्तिले परम्परागत शक्ति संरचनालाई बचाइरहन्छन् ।

# सामाजिक मूल्य–मान्यता तथा नियमको सिर्जना

परम्परा र सामाजिक मूल्य–मान्यता व्यक्तिका लागि नियमका रूपमा रहन्छन् । यी सामाजिक नियमबाटै शक्ति संरचनाको दोस्रो जगको सिर्जना हुन्छ। परम्परालाई पुष्टि गर्ने विचारधारा र नियम **दैनिक अभ्यास**मा रूपान्तरित हुन्छन् । लैङ्गिक ***सामाजिक मान्यताको सन्दर्भमा*** कैयौं यस्ता नियम छन् जसमा महिलाले लगाउने लुगा, बोल्ने–हिंड्ने तरिका, उनीहरू बस्न हुने र नहुने स्थान, बोल्न हुने वा नहुने व्यक्ति, व्यवहार गर्ने तरिका, गर्नहुने वा नहुने काम आदि । समाजमा महिलाको स्थान, जिम्मेवारी तथा कर्तव्यबारे भएका पितृसत्तात्मक नियमले व्यवहारमा श्रमको विभाजन, हिंडडुलको तरिका एवं अन्य दैनन्दिनीमा प्रभाव पार्दछ । महिलाहरू लजालु हुनुपर्ने, सामाजिक व्यवहारमा ठूलो स्वर गरेर बोल्न नहुनेजस्ता उदाहरणलाई लिन सकिन्छ जसलाई प्रायः एक सुसंस्कृत र असल महिलाको पहिचान बनाइएको छ । उनीहरूले निश्चित किसिममा लुगा लगाउनुपर्ने, बाहिरी पुरुषसँग बोलचाल गर्न नहुने (विशेष गरेर नातामा पर्ने पुरुषहरू), पति वा ठूलालाई जवाफ नफर्काउने, कुनै गुनासो नगरी दिइएका काम गर्नुपर्ने आदि ।

यी सबै विभेदकारी नियम पितृसत्तात्मक विचारधाराका उपज हुन् । तर यी नियम सबै संस्कृतिमा समान किसिमले लागु गरिँदैनन् । अथात्, सबै महिलाका लागि एकै सामाजिक मान्यता लागु गरिएको भने छैन । कुन पितृसत्तात्मक संरचनामा कस्तो शक्ति संरचना कायम छ सोहीअनुसार महिलामाथि सामाजिक नियम लादिएका छन् । रोजगारीमा लागेका महिलालाई मध्यम वा सम्भ्रान्त वर्गका महिलाको जस्तै नियम लागु हुँदैन । परिवारको जीविकोपार्जनका निम्ति गरिब महिलाले काम गर्नैपर्ने हुन्छ जसको श्रम अन्य वर्गलाई आवश्यक हुन्छ (जस्तैः बिरुवा रोप्ने वा घाँस काट्ने, बाली भित्र्याउने, धनी वर्गका व्यक्तिको घरमा काम गर्ने, कपडा उद्योगमा मजदुरी आदि) । कामकाजी महिलामा हिंडडुल माथिको नियन्त्रण अन्य मध्यम वर्गका महिलाको भन्दा कमी हुन्छ ।महिलाको हिंडडुलसँग सम्बन्धित सामाजिक मान्यता हेरेर हामी शक्ति संरचना, विचारधारा एवं मान्यताबारे बुझ्न सक्छौं । पितृसत्तात्मक शक्ति संरचनाले महिलाको शरीरमाथि नियन्त्रण राख्न उनीहरको हिंडडुल एवं पहिरनको सीमा तोकिदिएको हो । विशेषगरी रातको समयमा महिलाहरू एक्लै हिंड्नु हुँदैन वा छोटा कपडा लगाउनु हुँदैन, एक्लै सार्वजनिक स्थानमा जानुहुँदैन भन्ने नियममा महिलाको शारीरिक नियन्त्रणको लक्ष्य निहित छ । समाजमा जब महिलामाथि हातपात वा बलात्कार हुन्छ तब सार्वजनिकरूपमा यस्ता प्रतिक्रियाहरू सुन्न पाइन्छः (१) त्यस्तो समयमा एक्लै त्यस्तो छोटो कपडा लगाएर किन त्यहाँ जानुपरेको त ! (२) परिवारका अन्य सदस्य पनि कस्ता रहेछन्, हुर्केकी छोरीलाई तह लगाएर राख्न नसक्ने ? (३) परिवार का महिला सदस्य एवं आमाले छोरीलाई उचित व्यवहार र संस्कार पनि किन नसिकाएका होलान् ?

**आफ्नो दैनिक जीवनमा लागु भएको सामाजिक मान्यताबारे विचार गर्नुहोस् ( 'महिलाले यसो गर्नु हुँदैन.....' वा 'केटाहरू यस्तो हुनुपर्छ .........' भन्ने हुन्छ) । यस मान्यता पछाडिको विचारधारा र शक्ति संरचनालाई कुन दर्शनले प्रतिरक्षा गरेको छ, पहिचान गर्नसक्नुहुन्छ कि ?**

मेरो जीवनमा लागु हुने सामाजिक मान्यताको एक उदाहरण यस्तो छः

यस सामाजिक मान्यता पछाडिको विचारधारा यस्तो रहेको छः

यस मान्यतालाई प्रतिरक्षा गर्ने शक्ति संरचना यस्तो छः

भारत जस्ता मुलुकमा महिला एवं निश्चित जातका पुरुषका जीवनसँग सामाजिक मान्यताले घनिष्ठ सम्बन्ध राख्दछ, उनीहरू मन्दिर प्रवेश गर्नुहुँदैन, सम्पन्न परिवार वा ठूला जातका लागि छुट्याइएका निश्चित इनार वा धारा प्रयोग गर्नु हुँदैन, दलित बालबालिकाले अन्य जातका बालबालिकासँग एउटै कक्षामा सँगै बस्नु हुँदैन । यी सबै उदाहरणहरू जातीयताको विचारधाराका उपज हुन् जसलाई जातीय शक्ति संरचनाको रक्षाका लागि बनाइएका हुन् ।

## स्थापित संघ–संस्था

लैङ्गिक तथा अन्य सामाजिक एवं आर्थिक शक्ति संरचनाहरूलाई बढावा दिने तेस्रो जग भनेको ***संघ–संस्था*** हुन् । संघ–संस्थाहरूले सामाजिक मान्यता, नियम र त्यसलाई पुष्टि गर्ने विचारधाराहरू सिकाउने र सबल पार्ने कार्य गर्दछन् ।

यस बारेमा विचार गर्दा, सम्भवतः सबैभन्दा पहिलो सामाजिक नियम हामीले आफ्नो परिवारमा आमाबाट सिकेका थियौं । यस कारणले परिवार एक शक्तिशाली संरचना हो जसले विद्यमान सामाजिक विचारधारा र मान्यतालाई सबल पार्न महत्वपूर्ण भूमिका खेल्दछ । बालबालिकालाई परिवारमा खुलारूपमा वा अन्जान रूपमा यस्ता मान्यता एवं नियम सिकाइएका हुन्छन् । हामीले आफ्नो परिवारबाट नै लैङ्गिकता, जात, वर्ग, सम्प्रदाय, समुदाय, आदिका नियम सिकेका हुन्छौं । अर्को शक्तिशाली संरचना भनेको धर्म हो जसको विश्वास स्वरूप विभिन्न शक्ति संरचना एवं यसले बोकेका विचारधारालाई सबलीकरण गर्न मद्दत मिल्छ । सबै धर्ममा पुरुषलाई उच्च दर्जा दिइएको छ भने महिलालाई पुरुषको मातहतमा रहने पाठ सिकाइन्छ । भगवान्ले पुरुषलाई विश्वमा राज गर्न बनाएका हुन् भने महिलालाई पुरुषको सहयोग र सेवाका लागि सृष्टि गरेका हुन् भन्ने पाठ पढाइन्छ ।

बजारले पनि पितृसत्तात्मक सोचलाई बढावा दिन सहयोग गर्दछ । बजार भन्नाले सम्पूर्ण आर्थिक संरचनाहरू भन्ने बुझिन्छ जसले मुलुकको आर्थिक क्षेत्रको व्यवस्थापन गर्छ, जस्तै बैंक, सार्वजनिक तथा जिनी कम्पनी, व्यापार तथा वित्तीय संस्था, सामानको बिक्री वितरण हुने स्थानीय कृषक मेलाआदि सम्झिनुपर्छ । बजारले खुला एवं अदृश्यरूपमा विशेष गरेर पितृसत्तात्मक सोचसहित अन्य विचारधारालाई सबलीकरण गर्दछ । उदाहरणका निम्ति, एसिया र अफ्रिका एवं मध्य–पूर्वका प्रायः स्थानहरूमा केबल २० वर्षपूर्व परिवारका



श्रीमान्, बुबा वा दाजुभाइको अनुमतिविना एक महिलाले बैंकबाट ऋण पाउँदैनथे । नेपालमा महिलाले आफ्नो नाममा कुनै व्यापार गर्न सक्देनथे– पति, बुवा, वा दाजुभाइको नाममा दर्ता गर्नुपर्दथ्यो । महिलाले पुरुषका लागि भनी पहिचान गरिएका निश्चित किसिमका जागिर (ट्याक्सी ड्राइभर वा प्लम्बर वा मेकानिक्स) पाउँदैनथे । जतिसुकै योग्य भएतापनि जिनी कम्पनी वा सार्वजनिक वित्तीय संस्थाहरूमा प्रमुख वा नेतृत्वदायी भूमिका दिइँदैनथ्यो ।

शैक्षिक संस्थाहरूबाट पनि हामीले विचारधारा सिकिरहेका हुन्छौं, सामाजिक नियमहरू आत्मसात् गर्नेगर्छौं र विद्यमान शक्ति संरचनालाई दिगो बनाउने प्रक्रिया अघि बढाउछौं । धेरै मुलुकमा केटाको खेलका रूपमा मानिएका कैयौं खेलमा भाग लिन केटीलाई बन्देज गरिन्छ, पेशागत पाठ्यक्रम वा प्राविधिक वा वैज्ञानिक विषयका अध्ययन संस्थाहरू (चिकित्सा, इन्जिनियरिङ, कम्प्युटर विज्ञान, वैज्ञानिक अनुसन्धान) मा हालसम्म पनि केटीहरूलाई भर्ना गर्न कठिन हुन्थ्यो ।

विश्वका कैयौं शैक्षिक क्षेत्रमा केटाभन्दा अगाडि रहेका केटीहरूलाई पनि गणित तथा भौतिक विज्ञानका क्षेत्रमा भर्ना गर्दा अधिक सीमा तोकिएको छ । निश्चित उमेर (प्रायः १२ देखि १३ वर्ष) पछि केटीहरू यस्ता विषयमा कमजोर यस कारण देखिए कि उनीहरूलाई 'यी विषय त पुरुषका लागि हुन्' भन्ने भ्रम पारियो । शैक्षिक क्षेत्रका सञ्चालकहरूको अचेत दिमागमा यी काम भनेको केटाले गर्ने काम हुन् र केटाहरूलाई अक्षम सावित गर्नु हुँदैन भन्ने भावना रहे को हुनसक्छ । केबल हालसालैदेखि मात्र यस क्षेत्रमा परिवर्तन आउन थालेको छ । तर यस परिवर्तनमा पनि अनपेक्षित वैचारिक अवरोधहरू आएको देखिन्छ ।

## धेरै केटीहरू चिकित्सा कलेजमा भर्नाका लागि योग्य छन्: हामीले के गर्ने ?

भारतको एक प्रसिद्ध निजी चिकित्सा कलेजले पहिलेदेखि नै महिलालाई भर्ना लिनका लागि प्रोत्साहन गर्नेगर्दथ्यो । सो कलेजको भर्ना जाँच निकै कठिन मानिन्थ्यो, करिब १००० जना मध्येबाट केबल ३०० ले मात्र सो जाँचमा पास गर्नेगर्दथे, त्यसमध्ये पनि कलेजले केबल १०० जनालाई मात्र छनौट गर्नेगर्दथ्यो । २०५७ सालमा भर्नाको जाँचमा सामेल भई पास हुने छात्राको अनुपात करिब ४० प्रतिशत थियो । केटीहरूका निम्ति चिकित्सा विज्ञान एक सफल र प्रख्यात विकल्प मान्न थालिएकाले विज्ञानमा अब्बल रहेका धेरै छात्राले प्रवेश परीक्षामा सामेल भई सफलता प्राप्त गर्नथाले ।

अब कलेजलाई एउटा 'द्विविधाले' पिरोल्न थाल्यो: पहिलो पटक भर्ना जाँचमा सफल हुने विद्यार्थीमध्ये ६० प्रतिशत युवा छात्राहरू थिए, भर्ना लिने समिति अलमलमा पऱ्यो । उनीहरू केही प्रश्नमा रुमलिन थाले, जस्तो– विद्यार्थीमा असमान लैङ्गिक अनुमात कायम गर्ने कि नगर्ने ? विद्यार्थीमध्ये केटीको संख्या धेरै बनाउन सकिन्छ त ? यसपछि तथ्यांकलाई बेवास्ता गरेर केटीको अनुपात घटाइयो र केबल ५० प्रतिशतमा सीमित गरियो । अन्ततः कलेजले आफ्ना प्रश्नहरूको समाधानका लागि यसैलाई 'आधिकारिक' मान्यता बनायो ।

कलेज सञ्चालनको ७० वर्षको इतिहासमा केटाहरूको अनुपात लगभग १००, ९०, ८०, र ७० प्रतिशत रहेको थियो जसलाई असमान मानिएको थिएन । तर जब केटीको अनुपातमा वृद्धि गर्ने अवस्था आयो तब मात्र पुरुषको अनुपातभन्दा बढ्ने सम्भावना देखेर सोचनीय विषय मानियो ।

## राज्य

सरकार, न्यायालय, कानुनको कार्यान्वयन गराउने संरचना एवं प्रशासनिक अंग मिलेर राज्यले एक मुख्य शक्ति संरचनाको काम गर्छ जसले प्रत्यक्ष प्रभावमा रहेका मात्र होइन, परोक्ष सामाजिक शक्ति संरचनाहरूलाई पनि सुरक्षा दिन्छ, एवं सुरक्षा दिने विचारधारालाई पुनर्वहाली गर्दछ । तर यी शक्ति संरचना एवं विचारधाराहरूलाई *परिवर्तन* गर्नका लागि पनि राज्यले भूमिका निर्वाह गर्नसक्छ । विशेष गरेर लैङ्गिकताका नियम एवं अन्य शक्ति संरचनाहरूलाई राज्य र यिनका निकायले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गरेका विविध उदाहरणहरू यत्रतत्र पाइन्छन् ।

उदाहरणका रूपमा जमिनसम्बन्धी कानुनहरूमा स्पष्टरूपमा लैङ्गिक तथा अन्य सामाजिक विभेद रहेको पाइन्छ । धेरै मुलुकमा बलात्कारजस्तो मुद्दामा पीडकले होइन पीडितले अपराध भएको पुष्टि गर्नुपर्ने व्यवस्था छ । यौन आक्रमणका मुद्दाका प्रमाण एवं पद्धतिका नियमहरू लैङ्गिक संवेदनशील छैनन् । 'यदि कसैले बलात्कारजस्तो बेइज्जत हुने घटनाबारे कुरा गर्न अपठेरो मान्दैन भने ऊ माथि कठोर तरिकाले व्यवहार गर्नु स्वाभाविक मानिन्छ ।' यसले जकडिएर रहेको पितृसत्तात्मक सोच पुष्टि गर्दछ, 'स्वतन्त्र पहिरन, विचरण र व्यवहारका कारण महिला यौन हिंसामा परेकी हुन् भन्छ', उनको पुरुष साथीले उनलाई रक्षा गर्न नसकेका कारण उनको बलात्कार भएको अर्थ लगाउँछ । अन्य कानुन तथा नीतिहरूमा पनि लैङ्गिक विभेदका विभिन्न उदाहरणहरू पाउन सकिन्छ । सरकारले जब 'भूमिहीनका निम्ति भूमि' वा 'कृषकका लागि भूमी' व्यवस्थापन वा अन्य सामाजिक तथा आर्थिक कल्याणकारी कार्यक्रम ल्याउँछ, त्यसमा परिवारको पुरुष 'घरमुलीको नाम' राखिन्छ, उसैलाई भूमि प्रदान गरिन्छ । मातृवंशीय समुदायहरूमा जहाँ सधैं महिलाहरू जग्गाधनी हुनेगर्दछन्, त्यहाँ पनि राज्य पुरुष खोजेर बस्छ ।

धेरै सन्दर्भमा महिला अधिकारको रक्षा वा लैङ्गिक समानताका निम्ति अति प्रगतिशील कानुन बनाइएको भएतापनि ती *कानुन कार्यान्वयन गराउने* पदमा रहेका व्यक्तिहरूको सोच भने कानुनको मर्मविपरीत पितृसत्तात्मक नै रहेको र व्यक्तिगत विचार वा पूर्वाग्रही भावना मिसाएर व्यवहार गर्ने गरेको देखिन्छ । घरेलु हिंसा, कुटपिट, यौन हिंसाका कारण सम्बन्ध विच्छेद गर्न चाहने वा यस प्रयोजनका लागि पीडकविरुद्ध कानुनी कारबाही चलाएकी महिलाले ती कानुनका रक्षा गर्न खटाइएकाहरूबाट वैचारिक द्वेषको सामना गर्नुपर्ने हुन्छ । प्रहरी अधिकारी, न्यायाधीशहरू नै त्यस्ता कानुनको प्रयोग गरेर आफ्ना पति वा परिवारको बेइज्जत गरेको भन्दै पीडित महिलालाई गाली गर्न पछि पर्दैनन् ।

यी संरचनाहरू एक–आपसबाट अलग छैनन्, बरु विविध किसिमले एकीकृत छन् र एक–अर्कालाई सघाइरहेका छन् । पितृसत्तात्मक सोच, निरंकुश शासन र वर्गीय वैचारिक विश्वास र मान्यताबीच सहयोगात्मक सम्बन्ध छ । जस्तैः सरकार एवं जिनी कम्पनीहरूले कहिलेकाहीं मिलेर अधिक नाफामूलक खानी सञ्चालन गर्न वा महँगो विद्युतगृह निर्माण गर्न आदिवासी जनतालाई बसोबासको स्थानबाट हटाउने गरेका छन् । धेरै मुलुकमा राज्य तथा धार्मिक गुरुहरूको मिलोमतोमा महिला, धार्मिक वा यौनिकताका आधारमा अल्पसंख्यक समूहका अधिकार हनन गर्ने किसिमका कानुन तथा नीतिलाई प्रोत्साहन गर्ने गरिन्छ । यसरी संगठित *संस्थाले* विभेदकारी संरचना र संस्कारलाई जग हाल्ने काम गर्दछन्, विद्यमान शक्ति संरचनालाई सहयोग गर्ने तत्वको रूपमा भूमिका खेल्दछन् । तथापि यी संरचनाभित्र पनि त्यस्ता व्यक्ति वा तत्वहरू हुने गर्दछन् जसले निरन्तरताको क्रम भंग गर्न वा परिवर्तन ल्याउन भूमिका खेलिरहेका हुन्छन्, सामाजिक तथा लैङ्गिक न्यायका लक्ष्य प्राप्तिका लागि सधैं तत्पर देखिन्छन् ।



# डर तथा हिंसाको भूमिका


**महिलाका अधिकार वा लैङ्गिक समानताको क्षेत्रमा काम गर्ने प्रायः हामी वरिपरि डर तथा हिंसाले शासन गरेको देख्छौं । खासगरी हिंसाले एक उपकरणका रूपमा पुरुषका सुविधा र शक्तिको जगेर्ना गरी महिलामाथि दमन कायम राखेको पाउँछौं ।**

शक्ति संरचनालाई बचाइ राख्न विचारले अत्यन्त प्रभावशाली उपकरणको भूमिका निर्वाह गर्दछ । पितृसत्तात्मक सोच र अन्य सामाजिक तथा आर्थिक शक्ति संरचनालाई सामाजिक रूपमा सिर्जना गरिएको डर तथा हिंसाले प्रतिरक्षा गर्दछ । वैचारिक भूमिकाबारे प्रष्ट सामाजिक अभियन्तालाई विभेदकारी मान्यता कायम राख्न डर तथा हिंसाले थप शक्तिशाली साधनका रूपमा भूमिका खेल्ने जानकारी प्राप्त हुन्छ । वास्तवमा हिंसाभन्दा यो *निकै प्रभावकारी* साधन हो जसले धेरै गडबडी ल्याउँछ जसले गर्दा परिवर्तनका लागि भूमिका खेल्नेहरूले निरन्तर बल लगाइरहनु पर्दछ ।

अर्कोतर्फ दमनकारी शक्ति संरचनालाई केही व्यक्तिले सधैं चुनौती दिने वा विरोध गर्ने गरिरहन्छन् । समाजमा पुरानो नियमको पालना गर्ने र नगर्ने, नयाँ नियम बनाउने र बनाउन नदिने, आफ्नो स्थान अस्वीकार गर्ने र सो स्थानमा कायम रहने तत्व सधैं सक्रिय देखिन्छन् । कैयौं वर्षदेखि महिलाले पितृसत्तात्मक सोचको विरोध गर्दै आइरहेका छन्, दमन गरिएका वर्ग, सम्प्रदाय, जात र वर्णले आफूलाई सीमान्तकृत बनाउने संरचनाको विरोध गरि नै रहेका छन् । आज हामी *एलजिबिटी*, भिन्न क्षमता भएका व्यक्ति वा यौनकर्मी आफूले भोगिरहेका गालीगलौज, लाञ्छना, विभेद र बहिष्करणका विरुद्ध लडिरहेका देख्छौं ।

यस किसिमको विरोधले दमनकारी शक्ति संरचना र नियन्त्रण गर्ने सम्पन्न वर्गलाई हटाउने खतरा देखाउँछ र वैचारिक तथा सामाजिक नियमजस्ता साधनले विद्रोही शक्तिलाई नियन्त्रण गर्न सक्तैन तब हिंसाको प्रयोग गरिन्छ । महिलाको सन्दर्भमा पनि सामाजिक नियम विपरीत जानबाट हामीलाई रोक्ने साधन हिंसा नै नभएर *हिंसा हुनसक्ने डर वा खतरा* हो । पीडितहरू परम्पराको विरोध गर्दा सामाजिक बहिष्करणमा पारिदिने हुन् कि भन्ने डर, आफूखुशी लुगा लगाउनुले  र रातको समयमा वा कुनै स्थानमा एक्लै डिंड्नाले हुनसक्ने दुर्व्यवहार वा हिंसाको डरका कारण कुण्ठित भएर बसेका हुन्छन् ।

# कसरी शक्ति संरचनाहरु दिगो हुन्छन्






त्यसैले शक्ति संरचनाले नियन्त्रण गर्नका लागि प्रारम्भिक साधन नभई *अन्तिम उपायको रूपमा* हिंसालाई लिने गरेको कुरा बुझ्न जरुरी हुन्छ । शक्ति संरचनाका स्रोत, विचार, सामाजिक मान्यता एवं यिनका चाहना रक्षा गर्ने संस्थागत संरचनामाथि प्रभावकारी नियन्त्रण विधि अपनाएर मात्र यसमा परिवर्तन ल्याउन सकिन्छ । यस कारणले हाम्रो रणनीतिमा केवल हिंसामाथि मात्र केन्द्रित नभई नियन्त्रणका यी प्रमुख विधिलाई सम्बोधन गर्नुपर्ने हुन्छ ।

विश्वका प्रायः सबै स्थानहरूमा महिलाविरुद्ध मात्र नभएर अन्य लैङ्गिक पहिचान र यौनिकता (तेस्रो लिङ्गी, समलिङ्गी व्यक्ति) भएका व्यक्ति विरुद्ध पनि विभेद र हिंसाको क्रम बढ्दो अवस्थामा छ । सडकमा दुर्व्यवहार, बलात्कार, घरेलु हिंसा, एसिड फ्याँक्ने, सामाजिक सञ्जालमा हिंसा र शोषण तथा अन्य किसिमका घटना हुनेगरेका छन् । तर यसलाई बितेको ५० देखि १ सय वर्षयता महिला तथा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सन्दर्भमा भएका उपलब्धिका रूपमा पनि लिनुपर्छ, सफलतालाई दबाउन भएको हिंसाका रूपमा यसलाई हेरिनुपर्छ । कानुनमा समान अधिकार, शिक्षा, रोजगारी, राजनीतिक सहभागिताको अधिकारको सुनिश्चितताको व्यवस्था छ, आफ्नो शरीरमाथिको आत्मनियन्त्रण हुन नदिने वा स्वतन्त्रतालाई सीमित पार्ने कैयौं संस्कृति तथा रीतिविरुद्ध (भग–च्छेदन, बालविवाह, जबरजस्ती विवाह, विधवाका उत्पीडन, बलात्कार, घरेलु हिंसा) अधिकारकर्मीहरू लडिरहेका छन् । महिलाको ठूलो जमातले रोजगारी पनि पाएको छ, उनीहरू आर्थिक रूपमा स्वतन्त्र बनिरहेका छन्, विभेद, शोषण एवं हिंसाका सबै स्वरूपका विरोध गरिरहेका छन् । सबैभन्दा महत्वपूर्ण त पुरुषत्वको मान्यतालाई चुनौती दिएका छन्, मर्द हुनुका असंख्य स्वरूपको संस्कृति माथि प्रश्न उठाएका छन् र एक 'असली पुरुष' को स्वरूप कस्तो हुन्छ भनेर प्रष्ट पारिदिएका छन् । लैङ्गिक समानताको आन्दोलनले पुरुषको शक्ति र सुविधा (पितृसत्तात्मक शक्ति) लाई खतरामा पारेको छ । सारमा भन्नुपर्दा, प्रारम्भिक स्तरमा शक्ति संरचनाको उत्पत्ति भौतिक सामग्री, मानव एवं अन्य स्रोतमाथि बढेको नियन्त्रणका रूपमा हुन्छ । शक्ति संरचनाकै

परिणामस्वरूप स्रोतको असमान वितरण एवं विभेदकारी व्यवहार देखापर्दछ । विभेदकारी शक्ति–संरचनालाई पुष्टि गर्ने विचार सिर्जना गरिन्छ, यसले सामाजिक नियमको स्वरूप धारण गर्दछ । त्यो विचार परिवार, विद्यालय वा धर्मको माध्यमबाट सबैलाई बाल्यकालदेखि नै सिकाइने गरिन्छ जसका कारण दमन र विभेदमा परेकाहरूले पनि सो शक्ति संरचनालाई स्वीकार गर्छन् । डरका कारणले पनि धेरै मानिस पूर्वनिर्धारित स्थानमा बसिरहन्छन् । यी विधिका बाबजुद पनि केही व्यक्ति वा समूहले नियम तोडेर शक्ति संरचनाको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विरोध गर्छन्, तब यिनलाई मत्थर पार्नका निम्ति हिंसाको प्रयोग गरिन्छ ।

त्यसैले जब हामी शक्ति संरचनामा रूपान्तरणको कुरा गर्छौं, विद्यमान शक्ति संरचनालाई कायम राख्ने जटिल विधि बुझ्ने र यिनलाई सम्बोधन गर्ने रणनीतिको निर्माण गर्नुपर्ने हुन्छ । स्रोतमाथिको पहुँच र नियन्त्रण प्राप्त गर्न मात्र नभएर विचारको प्रभाव एवं विचारलाई आत्सात् गरी सहमत जनाएको अवस्था तथा यसको प्रस्फुटन गर्ने सामाजिक मान्यताको पहिचान गराउन मद्दत गर्नुपर्छ ।

यो निकै भयंकर वा असम्भव कामजस्तो लाग्नसक्छ तर यसो गर्न सम्भव छ । विशेष गरेर पितृसत्तात्मक शक्तिलाई बढावा दिने शक्ति संरचनाको जग हल्लाउने किसिमका प्रभावशाली अभियानहरू विशेष गरेर महिला अभियानहरू चलाइएका छन् जसले महिलाका निम्ति ठूला उपलब्धि प्राप्त गरेका पनि छन् । यदि यसो नभएको भए तपाईं आज यो पुस्तक पढिरहनुभएको हुन्न थियो वा सीमान्तकृत पारिएका र आफ्नो आवाज उठाउन नसक्नेहरूको सशक्तिकरणका बारेमा सोच्नु पर्दैनथ्यो होला । यदि आफ्नो समुदाय, प्रदेश, मुलुक वरपर हेर्नुभयो भने आमूल परिवर्तन ल्याएका प्रोत्साहन गर्ने किसिमका अभियानहरू देख्न सकिन्छ ।





**महिलाले सधैं शक्तिको विरोध गरिरहेका नै छन् । उनीहरूका कथा खोज्नुहोस् र त्यसलाई मनन गर्नुहोस् किनकि यिनमा तपाईंको शक्ति लुकेको हुन्छ ।**

# श्रीलता बाटलीवाला

श्रीलता बाटलीवाला भारतको नयाँ दिल्लीस्थित महिलावादी मानव अधिकार संस्था क्रिया (CREA) (क्रिएटिङ रिसोर्सेज फर इम्पावरमेन्ट इन एक्सन) मा नलेज बिल्डिङ्ग एण्ड फेमिनिस्ट लिडरसिपकी निर्देशक हुनुहुन्छ । उहाँको काम भनेको ग्लोबल साउथका युवा महिला अभियन्ताहरूको क्षमता अभिवृद्धि गर्ने र तालिम दिने हो । यसका साथै उहाँ सबैभन्दा सीमान्तकृत पारिएका मानिससँग काम गरेका अभियन्ताका अभ्यास एवं अन्तर्दृष्टिबाट नयाँ ज्ञानको विकास पनि गर्ने गर्नुहुन्छ ।

क्रिया (CREA) मा काम गर्नुपूर्व उहाँ हार्भड विश्वविद्यालयको हाउजर सेन्टर फर ननप्रोफिट अर्गनाइजेसनमा सिभिल सोसाइटी रिसर्च फेलोका रूपमा एडब्लुआईडीमा सह–अनुसन्धानकर्मी भई एवं फोर्ड फाउन्डेसनमा सिभिल सोसाइटी प्रोग्राम अफिसरको रूपमा काम गर्नुहुन्थ्यो । बाटलीवालाले भारतको गाउँ गाउँमा पुगेर काम गर्नुभएको छ जहाँ महिलाका ठूला अभियान निर्माण गर्न योगदान पुग्यो जसले मुम्बई एवं दक्षिण भारतको कर्नाटक राज्यका पछाडि पारिएका जिल्लाका अति गरिब समुदायका हजारौं ग्रामीण तथा शहरी महिलालाई सशक्त बनाउन परिचालन गर्‍यो ।

बाटलीवालाले विशेष गरेर महिलाका विषयमा कलम चलाउनुभएको छ र महिला सशक्तिकरणको क्षेत्रमा उहाँको कामलाई निकै सराहना गरिएको पनि छ । उहाँको पछिल्लो प्रकाशन, *इन्गेजिङ विथ इम्पावरमेन्ट – एन इन्टेलेक्चुअल एण्ड एक्सपेरियन्टल जर्नी* (विमेन अनलिमिटेड, २०१४) रहेको छ जहाँ उहाँका लेखहरूको संकलन गरिएको छ । उहाँले अन्तर्राष्ट्रिय तथा भारतीय मानव अधिकार, महिला अधिकार तथा विकास संस्थाहरूका कैयौं आधिकारिक समितिमा काम गर्नुभएको छ ।

बाटलीवाला दक्षिण भारतको नीलगिरी पर्वतमा रहेका बैंगलोर तथा कुनुरमा रहेर आफ्नो काम गर्दैआउनुभएको छ । उहाँलाई सक्रिय महिलावादी एवं दुई नातिनातिनाको हजुरआमा हुनुमा निकै गर्व छ । उहाँ सदैव एक नमुना ज्येष्ठ महिलावादी नेता हुने नयाँ विधिहरू अपनाइरहेकी हुनुहुनेछ : महिलावादी अभियानमा एक ‘हजुरआमा’ पनि हुने र जवान महिलावादी नेता बनेर नयाँ कार्यक्रमलाई सहयोग गर्ने, साथमा अध्यापनको विधिद्वारा नयाँ कुरा सिक्नु त छँदैछ । उहाँ काममा सक्रिय नहुँदा ‘बेक’ गर्नुहुन्छ, लुगा सिउनुहुन्छ र नेटफ्लिक्स हेर्नुहुन्छ ।

## क्रिया CREA

क्रिया (CREA) वि.सं. २०५७ मा भारतको नयाँ दिल्लीमा स्थापना भएको **एक महिलावादी मानव अधिकारमा समर्पित संस्था** हो । ग्लोबल साउथमा रहेको थोरै अन्तर्राष्ट्रिय महिलाका अधिकारसम्बन्ध संस्थामध्ये यो एक हो । यसको नेतृत्व दक्षिण भारतका महिलावादीहरूले गरिरहेका छन् जसले समुदाय स्तरदेखि, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरसम्म काम गर्ने गर्दछ ।

क्रियाको परिकल्पना भनेको **एक न्यायिक एवं शान्त विश्वको स्थापना** हो जहाँ सबैजनाले प्रतिष्ठा, सम्मान एवं समानता पाउँछन् । क्रियाले महिलावादी नेतृत्व विकास गर्दछ, महिलाका मानव अधिकारका कुरा गर्दछ, एवं सबै मानिसका यौन तथा प्रजनन स्वतन्त्रताको अभिवृद्धिका लागि काम गर्दछ ।

## समूह

अन्तिम सम्पादन : विशाखा दत्ता
डिजाइन : रूपिन्दर कौर – दालचीनी
मुद्रण : जी. आर. प्रिन्टिङ प्रेस

## आभार

क्रिया प्रस्तुत पुस्तक प्रकाशनका लागि उदारताका साथ सहयोग गर्ने ग्लोबल फण्ड फर विमेनप्रति आभार प्रकट गर्दछ ।

अनुवादक : कपिल काफ्ले, patrakarita.khoj@gmail.com
पुनरावलोकन : मीना शर्मा, minu.panta@gmail.com